# लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं
२०७२

मा.उपप्रधानमन्त्री एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्रीज्यूबाट मिति : २०७२।११।२ मा स्वीकृत

# लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति

## २०७२

नेपाल सरकार

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

सिंहदरवार

# मन्तव्य

कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा लैङ्गिक सम्वेदनशीलता मापन गरी प्रत्यक्ष लैङ्गिक उत्तरदायी, अप्रत्यक्ष लैङ्गिक उत्तरदायी र लैङ्गिक रुपले तटस्थ गरी तीन प्रकारले बजेटको वर्गीकरण गर्ने प्रणाली आर्थिक वर्ष २०६४/०६५ देखि कार्यान्वयनमा रहेको छ । लैङ्गिक उत्तरदायी बजेटलाई स्थानीयस्तरसम्म लैजाने उद्देश्यले संङघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति,२०७२ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ । यो रणनीति प्रभावकारी रुपमा कार्यान्वयन गर्न चाहिने आवश्यक वातावरण तयार गरी मन्त्रालय र मातहतका निकायहरुको आगामी आर्थिक वर्षको कार्यक्रम तथा बजेट तर्जुमाको समयदेखि नै कार्यक्रमहरुको लैङ्गिक सम्वेदनशीलता मापन गरी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनद्वारा आम जनतालाई लैङ्गिक उत्तरदायी बजेट प्रणालीले खोजेका उपलब्धिहरुको प्रत्याभुत गर्ने गराउने अपेक्षा लिईएको छ ।

मन्त्रालय, विभाग र स्थानीय निकाय तथा अन्य सरोकारवालाहरूले निर्माण गर्ने योजना तथा बजेटमा लैङ्गिक सम्वेदनशीलताको विश्लेषण, लैङ्गिक समानता र सशक्तिकरणका विविध पक्षहरुको पहिचानका साथै सम्बोधनका लागि प्रारम्भदेखि नै नियोजित प्रयासको थालनी आवश्यक हुन्छ। यसका लागि मन्त्रालयमा योजना तथा बैदेशिक सहयोग समन्वय महाशाखा प्रमुखको संयोजकत्वमा र स्थानीय निकायमा तत्तत् निकायका प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको अधिकारीको संयोजकत्वमा सम्बद्ध सबैपक्षको प्रतिनिधित्व हुने गरी लैङ्गिक उत्तरदायी बजेट समितिको संस्थागत व्यवस्था गरिएको छ ।

रणनीतिमा उल्लेखित प्रयासहरुद्वारा लैङ्गिक सम्वेदनशील वातावरणको निर्माण हुनुको साथै सवै सरोकारवालाहरुको क्षमता विकास भई लैङ्गिकता मापन सूचक र उपसूचकहरू तथा तिनलाई प्रयोग गर्ने परीक्षण सूचीहरू, कार्यक्रमलाई अङ्कभार दिने तरिका तथा बजेटको वर्गीकरण गर्ने आधारले यसका प्रयोगकर्ताहरुलाई स्पष्ट मार्गदर्शन गर्नेछ भन्ने आशा गरेको छ । रणनीतिको प्रयोगबाट आगामी दिनमा प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेटको आकारमा बृद्धि भई रणनीतिले लिएका उद्धेश्य र परिमाणात्मक लक्ष्य हासिल गर्न सक्ने विश्वास लिएको छु । यसै रणनीतिको आधारमा स्थानीयस्तरमा कार्यरत विभिन्न निकायहरुले पनि आ-आफ्नो क्षेत्रका लैङ्गिक सम्वेदनशीलता मापन गरी बजेटको तर्जुमा र वर्गीकरण गर्नु हुन अनुरोध गर्दछु ।

अन्तमा, यस लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति २०७२ को तर्जुमा कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने यस मन्त्रालयको योजना तथा बैदेशिक सहयोग समन्वय महाशाखा, प्राविधिक सहयोग पुर्याउने स्थानीय बिकास प्रशिक्षण प्रतिस्ठान तथा यू.एन. वुमन, नेपाल अफिसलाई समेत धन्यवाद प्रदान गर्दछु ।

**महेन्द्रमान गुरुङ्ग**
सचिव
संङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# भूमिका

महिला र पुरुषबीच जैविक रुपमा रहेको भिन्नता र यसबाट सृजित असमानताका कारणले राज्यबाट समानताका नाममा उपलब्ध गराइने सेवा, सुविधामा महिलाहरूको न्यून पहुँचको स्थितिलाई सम्बोधन गर्न नवौं योजना (२०५४–२०५९) देखि लैङ्गिक समानताको नीति अवलम्वन गर्दै आएता पनि लैङ्गिक असमानता समन्यायिक विकासको लागि एक प्रमुख बाधकको रुपमा देखियो । वित्तीय विनियोजनको कमी नै यसको प्रमुख कारणको रुपमा पहिचान भएकोले आर्थिक वर्ष २०६४/०६५ देखि नेपाल सरकारको सम्पूर्ण कार्यक्रमहरुको लैङ्गिक उत्तरदायीपन विश्लेषण गरी सोही आधारमा प्रत्यक्ष लैङ्गिक उत्तरदायी, अप्रत्यक्ष लैङ्गिक उत्तरदायी र लैङ्गिकरुपमा तटस्थ गरी तीन प्रकारले वर्गीकरण गर्न थालियो । सो अनुरुप प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेटको आकार क्रमशः बृद्धि हुंदै गएको छ ।

आ.ब.२०६४/०६५ देखि कार्यान्वयनमा आएको लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई स्थानीयकरण गरी स्थानीयस्तरसम्म लैजाने उद्धेश्यले संङघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट "**लैङ्गिक उत्तरदायी बजेट तर्जुमा स्थानीयकरण रणनीति २०७२**" तयार गरी कार्यान्वयनमा ल्याएको हो । यो रणनीति प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन चाहिने आवश्यक वातावरण तयार पारी यस मन्त्रालय र मातहतका निकायहरुले योजना तथा बजेट तर्जुमाको समयदेखि नै कार्यक्रमहरुलाई लैङ्गिक सम्वेदनशील हुने गरी तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गरी आमजनतामा लैङ्गिक उत्तरदायी बजेट प्रणालीले खोजेका उपलब्धिहरुको प्रत्याभुत हुने गरी कार्यक्रम र वजेटमा तर्जुमा गर्न खोजिएको छ । दशवटा रणनीतिक क्षेत्रका विभिन्न कार्यहरु गरी लैङ्गिक समस्याहरुलाई सम्बोधन गर्न योजना तथा बजेट तर्जुमाकै समयदेखि नै लैङ्गिक सम्वेदनशील दृष्टिकोण अवलम्वन गर्न सहयोग पुऱ्याउने उद्धेश्य लिईएको छ । लैङ्गिक सम्वेदनशीलताको मापन गर्न प्रचलनमा ल्याइएका सूचकहरु, उपसूचकहरु र कार्यगत ब्याख्याको सहयोगबाट अपेक्षित लक्ष्य पुरा हुने विश्वास लिईएको छ ।

संङघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट स्थानीय र क्षेत्रगत निकायहरूले सञ्चालन गरेका कार्यक्रमहरूलाई लैङ्गिक सम्वेदनशील दृष्टिकोण अवलम्वन गर्न सहयोग पुऱ्याउने उद्धेश्यले प्रचलनमा ल्याइएका सूचकको लागि उपसूचक तथा सोको मापन गर्न परीक्षण सूचीहरू निर्धारण गरी लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति, २०७२ तर्जुमा गरिएको छ । यो रणनीतिमा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनका पक्षमा आवश्यक विषयबस्तु सहित लैङ्गिक उत्तरदायी बजेट तर्जुमा विधि, वर्गीकरण विधि, सूचक, उपसूचक, अंकभार दिने तरिका र बजेट सिमा समेत स्पस्ट गरिएको छ ।

यो रणनीतिले लैङ्गिक मूलप्रवाहीकरणलाई संस्थागत गर्न योगदान पुऱ्याउने अपेक्षा राखिएको छ । सरकारी बजेट प्रणालीका साथै गैर सरकारी संस्था, निजी क्षेत्र तथा विकासका साझेदार निकायहरुले नेपालमा गर्ने वैदेशिक सहायतामा लागू गर्न सकिन्छ । रणनीति कार्यान्वयनको क्रममा सम्बन्धित क्षेत्रबाट प्राप्त पृष्ठपोषणका आधारमा समयानुकूल परिमार्जन गर्दै लगिनेछ ।

यो रणनीति निर्माण कार्यको समग्र नेतृत्व एवं संयोजनकारी भूमिका निर्वाह गर्ने मन्त्रालयका उपसचिव

छवि रिजाल, प्राविधिक सहयोग पुऱ्याउने यू.एन. वुमन नेपालका कार्यक्रम विशेषज्ञ दुर्गा खतिवडा, प्राविधिक विज्ञ निग्मा ताम्राकार प्रति मन्त्रालय आभार प्रकट गर्दछ । रणनीतिको तयारीमा संलग्न स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक प्रा.डा. विष्णु सापकोटा र निर्देशक जयकृष्ण श्रेष्ठलाई पनि धन्यवाद ज्ञापन गर्दछु । यो रणनीतिलाई अन्तिम रुप दिन अमुल्य सुझाव सहयोग गर्ने प्रधानमन्त्री तथा मत्रिपरिषदको कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई समेत धन्यवाद प्रदान गर्दछु ।

**पूर्ण चन्द्र भट्टराई**
सहसचिव
संङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# विषय सूची


**१. पृष्ठभूमि** **१**

**२. लैङ्गिक उत्तरदायी बजेटको परिभाषा** **१**

२.१ लैङ्गिक उत्तरदायी बजेटका मान्यता र विशेषताहरू २

**३. दीर्घकालीन सोच,उद्देश्य र परिमाणात्मक लक्ष्य** **२**

३.१ दीर्घकालीन सोच २

३.३. परिमाणात्मक लक्ष्य ३

३.४. अपेक्षित उपलब्धि ३

**४. रणनीति** **४**

४.१. संस्थागत संरचनाको विकास ४

४.२. तथ्याङ्क तथा सूचना व्यवस्थापन ४

४.३ मानव संशाधन विकास ४

४.४ नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा महिलाहरूको अर्थपूर्ण सहभागिता ४

४.५ विकास प्रक्रियामा राजनैतिकदल, नागरिक समाज, गैर सरकारी संघ संस्था र निजी क्षेत्रको संलग्नता ५

४.६ ज्ञानको व्यवस्थापन, विकास र विस्तार ५

४.७ शिक्षाको माध्यम बाट लैङ्गिक समानताको प्रवर्द्धन ५

४.८ सञ्चार माध्यमबाट लैङ्गिक समानता सम्वन्धी संदेशहरूको प्रचार प्रसार, प्रबर्द्धन र संरक्षण ५

४.९ महिलाहरुको क्षमता अभिवृद्धि, आयआर्जन र रोजगारी वृद्धि ५

४.१०. अनुगमन र मूल्याङ्कन ६

**५. लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीतिः अपेक्षित उपलब्धि तथा सूचकहरू** **६**

**६. लैङ्गिक उत्तरदायी बजेट समितिको गठन, काम कर्तव्य र अधिकार** **११**

६.१. लैङ्गिक उत्तरदायी बजेट कार्यन्वयन समितिको गठन ११

६.२. जिल्ला स्तरीय लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन समितिको गठन १२

६.३ नगरपालिका स्तरीय लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन समितिको गठन १५

६.४ गाउँ विकास समिति स्तरीय लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन समितिको गठन १७

**अनुसूचीहरु** **१९**

अनुसूची - १ : लैङ्गिक उत्तरदायी बजेट तर्जुमा विधि १९

अनुसूची- २ : मन्त्रालयको लागि लैङ्गिक उत्तरदायी बजेट मापनका प्रमुख सूचक र उपसूचक २१

अनुसूची- ३ : स्थानीय निकायको लागि लैङ्गिक उत्तरदायी बजेट मापनका प्रमुख सूचक र उपसूचक २५

# १. पृष्ठभूमि

सरकार र स्थानीय निकायबाट गरिने सबै प्रकारका सेवा प्रवाह र विकासका कार्यहरू जनताको सर्वाङ्गीण हितलाई केन्द्रमा राखी समष्टिगतरूपमा सञ्चालन गरिँदै आएको छ । विगतमा आवधिक/वार्षिक योजनाहरू तर्जुमा गरी कार्यान्वयन गरिएका विकास क्रियाकलापहरूबाट महिला र पुरुषहरूमा अपेक्षित रूपमा सम–विकास नभई उनीहरूबीचमा भिन्नता बढ्दै गएको पाइएको छ । यसका कारणहरू विश्लेषण गर्दा महिला र पुरुषबीचमा समाजले निर्धारण गरेका जिम्मेवारीहरूले धेरै ठूलो विभाजन रेखा कोरेको र सोही बमोजिम महिला र पुरुषको मानसिकता एवं आवश्यकता र चाहना पनि भिन्दा भिन्दै विकास भएर गएको देखिन्छ । एकातिर ती भिन्न आवश्यकता र चाहना अनुसारको कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा समस्या रहेको छ भने अर्कोतर्फ महिलाको क्षमता विकासमा पर्याप्त प्रयासहरू भई नसकेको वर्तमान सन्दर्भमा उपलब्ध अवसरहरूलाई पनि महिलाहरूले आफ्नो फाइदाको निम्ति उपयोग गर्न सकिरहेका छैनन् ।

महिलाहरू पुरुषको तुलनामा शिक्षा स्वास्थ्य लगायतका आधारभूत जीवनोपयोगी सुविधाबाट पछि परेको विश्वव्यापी आँकलनकाबीच सन् १९९५ मा संयुक्त राष्ट्रसंघले चीनको वेइजिङ्गमा आयोजना गरेको चौथो विश्व महिला सम्मेलन (वेइजिङ सम्मेलन) मा लैङ्गिक मूलप्रवाहीकरणलाई एक प्रमुख रणनीतिको रूपमा लिई १२ वटा क्षेत्रहरूमा परिवर्तनको प्रतिबद्धता व्यक्त गरेको थियो । सोको पाँच वर्षपछि समीक्षा गर्दा वेइजिङ्ग सम्मेलनले तय गरेका प्रतिबद्धता अनुसार वित्तीय विनियोजन नभएकाले अपेक्षाकृत उपलब्धि हासिल हुन नसकेको निष्कर्ष निकालेको थियो । तत्पश्चात् लैङ्गिक समानता हासिल गर्न बजेटको पनि व्यवस्था गर्नुपर्ने महसूस भई लैङ्गिक उत्तरदायी बजेट तर्जुमा विधिको प्रयोगमा विश्वको ध्यान आकृष्ट भएको हो । हाल विश्वका कतिपय मुलुकहरूमा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा विधिको माध्यमबाट स्रोतको विनियोजन सुनिश्चित गर्दै लैङ्गिक समानताको रणनीतिलाई कार्यान्वयन गर्ने प्रयास भैरहेको छ ।

नेपालमा लैङ्गिक उत्तरदायी बजेटको अभ्यास आर्थिक वर्ष २०६४/०६५ देखिनै भएको हो । नेपाल सरकारले सम्पूर्ण वार्षिक बजेटलाई लैङ्गिक दृष्टिले प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ गरी तीन किसिमले वर्गीकरण गरी कार्यान्वयन गर्दै आएकोछ । यस कार्यलाई व्यवस्थित गर्न लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, २०६९ अनुरूप लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई स्थानीयकरण गरी लैङ्गिक समानता र महिला सशक्तीकरण सम्बन्धी कार्यक्रमहरू जिल्ला, नगरपालिका र गाविसस्तरसम्म प्रभावकारी रूपमा कार्यान्वयन गर्न यो 'लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति (Gender Responsive Budget Localization Strategy)' २०७२ तयार गरिएको हो ।

# २. लैङ्गिक उत्तरदायी बजेटको परिभाषा

कुनै निश्चित अवधिका लागि आवश्यक पर्ने कुल बजेटको अनुमान, आयको आधारको खोजी, विभिन्न शीर्षकहरूमा गरिने विनियोजन र खर्च, खर्चको अभिलेख र लेखाजोखा लगायतका सम्पूर्ण पक्षमा लैङ्गिक समानताको लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक ढंगले, योजनाबद्धरूपमा, लैङ्गिक विश्लेषणसहित आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपयोग हुनेगरी गरिने बजेट तर्जुमा प्रक्रियालाई नै लैङ्गिक उत्तरदायी बजेट पद्धति भनिन्छ ।

- "लैङ्गिक उत्तरदायी बजेट भनेको लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्धरूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धति हो" (लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, २०६९, अर्थमन्त्रालय)।

२.१ **लैङ्गिक उत्तरदायी बजेटका मान्यता र विशेषताहरू**

- बजेट आँफैमा तटस्थ मानिए पनि यसका सबै प्रक्रिया र यसले पार्ने प्रभाव लैङ्गिकरूपमा तटस्थ हुँदैन। बजेटको अनुमान, स्रोतको खोजी तथा संकलन र खर्च गर्ने प्रक्रिया जस्ता सबै पक्षमा यो तथ्य लागू हुन्छ। विकासका विभिन्न साझेदारहरूको लगानीलाई लैङ्गिक समानताको परिणामतर्फ डोऱ्याउनुका साथै लैङ्गिक उत्तरदायी बजेट निम्न मान्यता र विशेषतामा आधारित रहेको हुन्छ।
- लैङ्गिक उत्तरदायी बजेट महिलाका लागि छुट्टै बजेट नभई बजेटका सबै उपलब्धिमा महिला/पुरुषको सन्तुलित सहभागिता र लाभ खोज्ने प्रक्रिया हो।
- लैङ्गिक उत्तरदायी बजेटले लैङ्गिक समानताको नीति एवं समष्टिगत आर्थिक नीतिका बीच सम्बन्ध स्थापित गर्दछ।
- लैङ्गिक उत्तरदायी बजेट प्रक्रियाले महिला र पुरुषमा बजेटले पार्ने प्रभावको विश्लेषण गर्नुको साथै बजेट तर्जुमा गर्दा लैङ्गिक पक्षको समायोजन (Integration)को सुनिश्चितता गर्दछ।
- लैङ्गिक उत्तरदायी बजेटले लैङ्गिक मूल प्रवाहीकरणलाई बढी अर्थपूर्ण वनाउँछ।
- बजेट आफैमा तटस्थ मानिए पनि यसका सबै प्रक्रिया र यसले पार्ने प्रभाव लैङ्गिकरूपमा तटस्थ हुँदैन। बजेटको अनुमान, स्रोतको खोजी तथा संकलन र खर्च गर्ने प्रक्रिया जस्ता सबै पक्षमा यो तथ्य लागू हुन्छ। विकासका विभिन्न साझेदारहरूको लगानीलाई लैङ्गिक समानताको परिणामतर्फ डोऱ्याउन लैङ्गिक उत्तरदायी बजेट उपयोगी हुन्छ।
- लैङ्गिक उत्तरदायी बजेटले लैङ्गिक बिभेदको अन्त्य गर्दै सन्तुलित र समुन्नत समाज निर्माणको आधार सिर्जना गर्न सहयोग गर्दछ।

## ३. दीर्घकालीन सोच, उद्धेश्य र परिमाणात्मक लक्ष्य

### ३.१ दीर्घकालीन सोच

महिलाको मूलभूत तथा समान अधिकार सुनिश्चित गर्दै लैङ्गिक रुपले समावेशी र समतामूलक राष्ट्र निर्माणमा योगदान गर्ने।

### ३.२. उद्देश्य

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, २०६९ अनुरूप लैङ्गिक उत्तरदायी बजेट तर्जुमाका लागि निर्धारित सूचक, उपसूचक र परिक्षण सूचकको प्रयोगलाई सरलीकरण गरी स्थानीयस्तरसम्म योजना तथा बजेट तर्जुमा प्रक्रियामा एकरूपता ल्याई लैंङ्गिक उत्तरदायी बजेट सुनिश्चित गर्ने रहेकोछ। यसका विस्तारित उद्देश्यहरू यस प्रकार रहेका छन् :

- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय निकायहरू र स्थानीय निकायको नेतृत्वमा आयोजना हुने सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा सहभागी हुने विकास साझेदारहरूको बजेट तर्जुमा कार्यलाई थप लैङ्गिक उत्तरदायी बनाउने।

- लैङ्गिक समानताको लागि कार्यक्रम र बजेटको सम्बन्ध स्थापित गर्ने ।
- स्थानीयस्तरमा स्रोत व्यवस्थापन, कर, दस्तुर, शुल्क, महसूल, दण्ड, जरिवाना निर्धारण गर्दा समेत लैङ्गिक उत्तरदायी बजेटमैत्री नीति अवलम्बन गर्ने ।
- सरकार, विकास साझेदार, अन्तर्राष्ट्रिय संस्था तथा अन्य गैरसरकारी संस्थाहरूलाई लैङ्गिक बजेट विनियोजन तथा कार्यान्वयन गर्नका लागि पहल तथा पैरवी गर्ने ।
- तोकिएको अंकभारको आधारमा कार्यक्रम र बजेटको लैङ्गिक सम्वेदनशीलता मापन गरी उपयोग र पैरवी गर्ने ।
- योजना तर्जुमा, कार्यान्वयन र मूल्यांकनमा महिलाको अर्थपूर्ण सहभागिता अभिबृद्धि गर्ने ।
- परियोजनाहरुको उपलब्धि मापन लैङ्गिक सूचक अनुसार गर्ने ।
- स्थानीय समुदायलाई कुनै पनि परियोजना वा कार्यक्रमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लाभ पाएको अनुभूति गर्नसक्ने गरी सक्षम तुल्याउने ।
- स्थानीय तहमा उत्तरदायित्व परीक्षणका कार्यमा लैंङ्गिक उत्तरदायी बजेटको प्रावधान पालना भए नभएको समेत परीक्षण गर्ने व्यवस्थाद्वारा सबैलाई सुशासनको महसूस हुने वातावरण निर्माण गर्ने ।
- कार्यक्रमको माध्यमबाट लैङ्गिकतामा आधारित हिंसा एवं विभेद र वहिष्करणको अन्त्य गर्ने ।

### ३.३. परिमाणात्मक लक्ष्य

यस रणनीतिको कार्यान्वयन आ.व. २०७३/०७४ को बजेट तथा कार्यक्रम तर्जुमादेखि आरम्भ भई आगामी ५ वर्षभित्र हासिल हुने गरी देहाय वमोजिम परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ ।

- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, विभाग तथा केन्द्रीय निकायहरू एवं स्थानीय निकायहरूले आवधिक तथा वार्षिक योजनामा विनियोजन गर्ने बजेटमा लैङ्गिक संवेदनशीलता र लैङ्गिक उत्तरदायी बजेटको आकारमा बृद्धि भई विकास बजेटमा ५०% प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट पुगेको हुनेछ ।
- योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनजस्ता योजना प्रक्रियामा महिलाहरूको न्यूनतम ५०% अर्थपूर्ण सहभागिता पुगेको हुनेछ ।
- सबै तहका नीति निर्माता, राजनीतिज्ञ, कर्मचारी र नागरिक समाजमा लैङ्गिक उत्तरदायी बजेट बारे चेतना, ज्ञान र सिपको विकास भई आफ्नो उत्तरदायित्व महसुस भएको हुनेछ ।
- राष्ट्रिय तथा स्थानीयस्तरमा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनका लागि सरकार, विकास साझेदार, अन्तर्राष्ट्रिय संस्था तथा अन्य गैरसरकारी संस्थाहरूसँग प्रभावकारी समन्वय भई कार्यान्वयनका लागि संस्थागत पहल गरिएको हुनेछ ।

### ३.४ अपेक्षित उपलब्धि

यो रणनीतिको प्रभावकारी कार्यान्वयनबाट देहाय बमोजिमको उपलब्धि हासिल भएको हुनेछ ।

(१) नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा महिला सहभागिता अभिवृद्धि भएको हुनेछ ।
(२) नीति निर्माण तथा कार्यान्वयन तहमा महिलाको क्षमता अभिवृद्धि भएको हुनेछ ।
(३) कार्यक्रममा महिलाहरुको लागि लाभ तथा नियन्त्रणमा सुनिश्चिता भएको हुनेछ ।
(४) लैङ्गिक उत्तरदायी बजेटको कार्यान्वयनबाट महिलाहरुको रोजगारी र आय आर्जनमा अभिवृद्धि भएको हुनेछ ।

(५) कार्यक्रमको माध्यमबाट महिलाहरुको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी आएको हुनेछ ।

## ४. रणनीति

उल्लेखित उद्देश्य, लक्ष्य र नतिजा प्राप्त गर्नका लागि देहाय बमोजिमको रणनीति अवलम्बन गरिनेछ ।

### ४.१. संस्थागत संरचनाको विकास

लैङ्गिक उत्तरदायी बजेट अवलम्बनका लागि संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्थानीय निकायहरू (जिविस,नगरपालिका र गाविस) मा लैङ्गिक उत्तरदायी बजेट समिति गठन गरी जिम्मेवारी तोकिनुका साथै आवश्यक बजेट विनियोजन गरी क्रियाशील तुल्याइनेछ । कार्यालयगत लैङ्गिक सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकार तोकी कार्यालयगत रूपमा कार्यान्वयन गर्न समन्वय गरिनेछ ।

### ४.२. तथ्याङ्क तथा सूचना व्यवस्थापन

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, केन्द्रीय पञ्जिकरण विभाग तथा मातहतका कार्यालयहरू र स्थानीय निकायहरूमा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गर्न आवश्यक तथ्याङ्क तथा सूचनाहरू व्यवस्थित र अद्यावधिक गरिनेछ । उपलब्ध तथ्याङ्क तथा सूचनाहरूको आधारमा लैंङ्गिक आवश्यकताको पहिचान गरी सो आवश्यकता पूर्ति गर्ने गरी विकास कार्यक्रमहरूको तर्जुमा र बजेट विनियोजन गरिनेछ । बजेट विनियोजन गर्दा प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ खुलाई वर्गीकरण र ५०% निर्धारण गरिनेछ ।

### ४.३ मानव संशाधन विकास

लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरणसँग सम्बद्ध सबै तहका कर्मचारी, सेवा प्रदायक तथा पैरवी/वकालत गर्ने, नेतृत्व लिने, परिचालन गर्ने र मूल्याङ्कनगर्ने व्यक्तिहरूमा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा विधिको सिप विकास गर्न र सवैलाई जिम्मेवार बनाउँदै निरन्तर क्रियाशील हुन आधारभूत र पुनर्ताजगी प्रशिक्षण प्रदान गरेर मानवीय संशाधनको विकास गर्दै लगिनेछ ।

### ४.४ नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यानमा महिलाहरूको अर्थपूर्ण सहभागिता

विभिन्न स्थानमा बसोबास गर्ने जातजाति, धर्म, उमेर समूह र क्षमताका महिलालाई नेतृत्वदायी तहसम्म पुऱ्याउन नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा न्यूनतम पचास ५०% महिलाहरूको सहभागिता सुनिश्चित गरिनेछ । योजना कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलको लाभ वा हिस्सादावी गर्न सक्ने क्षमताको समेत विकास गर्न लैङ्गिक उत्तरदायी बजेटका सूचक, उपसूचक र अङ्कभारको माध्यमबाट अर्थपूर्ण सहभागिता प्रवर्द्धन गरी लैङ्गिक समानता र महिला सशक्तिकरणमा उत्साहजनक नतिजा प्राप्त गरिनेछ ।

### ४.५ विकास प्रक्रियामा राजनैतिकदल, नागरिकसमाज, गैरसरकारी संघसंस्था र निजीक्षेत्रको संलग्नता

राजनैतिक दल, नागरिक समाज, सामाजिक समूह, समुदायमा आधारित संघसंस्था, गैर-सरकारी संस्था, सचेतना समुह र अन्य कार्यगत सञ्जाल, समिति वा समूहहरूलाई लैङ्गिक उत्तरदायी बजेटको बारेमा आधार

भूत जानकारी, सूचना र ज्ञानप्रदान गरी ती समूहहरूलाई विकासका क्रियाकलापहरूमा संलग्न हुन उत्प्रेरित गरिनेछ ।

### ४.६ ज्ञानको व्यवस्थापन, विकास र विस्तार

लैङ्गिक उत्तरदायी बजेट प्रक्रियाको प्रयोग र नतिजा हासिल गर्दै जाने गरी महिलाहरूलाई मूलभूत रूपमा विकासमा संलग्न गराउन व्यवहारिक ज्ञानको व्यवस्थापन र विकास गरी लक्षित समूहसम्म त्यस्तो ज्ञान स्थानान्तरण गर्दै स्थानीयकरण गरिनेछ। यसका लागि सूचना, शिक्षा तथा सञ्चार (IEC) सामाग्रीहरू उत्पादन गरी वितरण गरिनेछ ।

### ४.७ शिक्षाको माध्यमबाट लैङ्गिक समानताको प्रवर्द्धन

लैङ्गिक उत्तरदायी बजेटको मान्यता, प्रयोग र उपलब्धि बारेमा शिक्षक/शिक्षिका र शिक्षा क्षेत्रमा संलग्न व्यक्तिहरूलाई प्रशिक्षित गर्ने गराउने र निजहरू मार्फत विद्यालयमा लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी बहस र छलफल शुरु गर्नुका साथै लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी आधारभूत मान्यतालाई पाठ्यक्रममा समावेश गर्न पहल गरिनेछ ।

### ४.८ सञ्चार माध्यमबाट लैङ्गिक समानता सम्वन्धी संदेशहरूको प्रचार प्रसार, प्रबर्द्धन र संरक्षण

लैङ्गिक उत्तरदायी बजेटको मान्यता, प्रयोग र उपलब्धिका बारेमा सञ्चार माध्यमबाट व्यापक प्रचार प्रसार गरिनेछ । यसका लागि स्थानीय भाषा, सँस्कृति र शैली सापेक्ष सामाग्री तयार गरी सम्प्रेषण गरिनेछ । सञ्चार क्षेत्रमा कार्यरत व्यक्तिहरूलाई लैङ्गिक समानता, महिला सशक्तिकरण र लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी सूचना र शैक्षिक सामाग्री प्रसारण गर्न ज्ञान र सीपको विकास गरिनेछ। सञ्चार माध्यमबाट सम्प्रेषण हुने सूचनाबाट सेवा प्रदायक निकायहरूलाई लैङ्गिक संवेदनशील बनाउन र नागरिकलाई लैङ्गिक उत्तरदायी बजेटका बारेमा जानकारी गराउन सघाउ पुर्‍याउने गरी संचार, समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।

### ४.९ महिलाहरुको क्षमता अभिवृद्धि, आयआर्जन र रोजगारी वृद्धि :

- ✦ स्थानीय परिवेश, सम्भाव्यता र बजारको अवस्था अनुरुप कार्यशाला, तालिम, जनचेतना अभिवृद्धि र सीप विकासका माध्यमबाट कार्यक्रम सञ्चालन गर्न सरोकारवालासँग समन्वय र साझेदारी गरिनेछ ।
- ✦ रोजगारीको लागि सम्बन्धित निकायबाट जारी गरिने सूचना र शर्तहरुमा महिलाको पहुँच र सहभागिता गर्न पाउने विशेष व्यवस्था गर्न पहल गरिनेछ ।
- ✦ उपलब्ध रोजगारीमा महिला र पुरुषको लागि समान ज्यालाको सुनिश्चिता गरिनेछ ।
- ✦ महिलाहरुले गर्ने कामलाई सहज बनाउन तथा समय बचत गर्न मद्दत पुग्ने महिलामैत्री प्रविधिहरु, वैकल्पिक ऊर्जा लगायतका कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।
- ✦ परम्परागत श्रम विभाजन, महिलाहरुको कार्यबोझ र यसले पारेको प्रभाव सम्बन्धमा प्रशिक्षण, प्रचारप्रसार, अन्तक्रियाको माध्यमबाट घरायसी काममा पुरुषको सहभागिता अभिवृद्धि गरी सहकार्यको भावनालाई प्रोत्साहन गर्न पहल गरिनेछ ।

### ४.१०. अनुगमन र मूल्याङ्कन

सवै तहमा कार्यान्वयन भएका कार्यक्रम तथा आयोजनाहरूको लैङ्गिक दृष्टिकोणले नियमित प्रतिवेदन, आवधिक समीक्षा, नतिजामा आधारित उपलब्धिको मापन गरी आवश्यकता अनुसारको सुधार गरिनेछ । सार्वजनिक लेखाजोखा र लैङ्गिक लेखाजोखा गरी कार्यक्रमको अनुगमन र मूल्याङ्कनगर्ने पद्धतिलाई संस्थागत गर्दै लगिनेछ । स्थानीय निकायको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (MCPM) सूचकमा लैङ्गिक उत्तरदायी बजेटसम्बन्धी सूचकहरूसमावेश गरी मूल्याङ्गन प्रणालीलाई बढी यथार्थपरक बनाइनेछ ।

## ५. लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति: अपेक्षित उपलब्धि तथा सूचकहरू

लैङ्गिक उत्तरदायी बजेट प्रतिफलमा आधारित योजना तथा बजेट तर्जुमा विधि भएकोले योजना तर्जुमा गर्दा अपेक्षित उपलब्धि र सूचकको निर्धारण गरिनेछ । यस लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीतिको अवलम्वनबाट आगामी छ वर्ष भित्र हासिल हुने उपलब्धि र सूचकहरू देहायअनुसार हुनेछन् ।

| क्र. सं. | स्थानीयकरण रणनीति | अपेक्षित उपलब्धि | सूचक |
|---|---|---|---|
| १ | संस्थागत संरचनाको विकास (४.१ सँग सम्बन्धित) | लैङ्गिक उत्तरदायी बजेटको स्थानीयकरणका लागि आवश्यक संरचना स्थापना भई लैङ्गिक उत्तरदायी बजेट पद्धतिको संस्थागत विकास भएको हुनेछ । | ■ सं.मा.तथा स्था.वि. मन्त्रालय, जिविस,न.पा.र गा.वि.स.मा लैङ्गिक उत्तरदायी बजेट समितिको गठन भएको हुने ।<br>■ चौमासिक रूपमा लैङ्गिक उत्तरदायी बजेट समितिको बैठक भई सोको निर्णयहरू बैठक पुस्तिकामा अभिलेखिकरण भएको हुने ।<br>■ लैङ्गिक उत्तरदायी बजेट समितिका पदाधिकारीहरूमा समितिको काम, कर्तव्य र अधिकारको बारेमा जानकारी प्राप्त भएको हुने ।<br>■ मन्त्रालय तथा सम्बन्धित स्थानीय निकायहरूमा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनका लागि सम्पर्क व्यक्तिको चयन गरी जिम्मेवारी तोकिएको हुने ।<br>■ लैङ्गिक उत्तरदायी बजेट कार्य प्रक्रिया/प्रणाली/विधि/औजार र कम्प्युटर सफ्टवेयर तयार तथा उपयोग भएको हुने ।<br>■ वार्षिक योजनामा लैङ्गिक उत्तरदायी बजेट आंकलन गर्ने कार्यको निरन्तरता भएको हुने । |

| क्र. सं. | स्थानीयकरण रणनीति | अपेक्षित उपलब्धि | सूचक |
|---|---|---|---|
| २ | तथ्याङ्क तथा सूचना व्यवस्थापन (४.२ सँग सम्बन्धित) | मन्त्रालयस्तर तथा स्थानीय निकायस्तरमा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गर्न आवश्यक तथ्याङ्क तथा सूचनाहरू व्यवस्थित भई त्यस्ता तथ्याङ्क तथा सूचनाहरू बजेट तर्जुमा प्रक्रियामा उपयोग भएका हुनेछन् । | ■ सफ्टवेयरमा आधारित भई लैङ्गिक उत्तरदायी दृष्टिकोणबाट बजेट तथा खर्चको बार्षिक रूपमा वर्गीकरण तथा त्यसरी प्राप्त सूचनाको सार्बजनिकीकरण भएको हुने ।<br>■ लैङ्गिक तथा सामाजिक समावेशिकरण सँग सम्बन्धित तथ्याङ्क तथा सूचनामा आधारित भई योजना तर्जुमा गर्ने पद्धतिको पूर्ण रूपमा परिपालना भएको हुने<br>■ जिल्ला पार्श्वचित्रमा सम्बन्धित स्थानीय निकायको लैङ्गिक उत्तरदायी बजेटसँग सम्बन्धित सूचना समावेशभएको हुने ।<br>■ प्रत्येक स्थानीय निकायले गत आर्थिक बर्षमा कार्यान्वयन गरेका आयोजनाबाट लक्षित समुदाय/समूहका साथै महिलाहरूको जीवनमा परेको सकारात्मक प्रभावको अध्ययन गरी सोको निश्कर्ष सार्वजनिकीकरण भएको हुने । |
| ३ | मानव संशाधन विकास (४.३ सँग सम्बन्धित) | लैङ्गिक उत्तरदायी बजेट समितिका सदस्य, सम्पर्क ब्यक्ति तथा सम्बन्धित स्थानीय निकायहरूमा निर्णय प्रक्रियामा संलग्न हुने पदाधिकारीहरूमा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा सम्वन्धी ज्ञान तथा सीपमा अभिबृद्धि भई विचारधारा तथा कार्यशैलीमा सकारात्मक परिवर्तन आएको हुनेछ । | ■ मन्त्रालय तथा स्थानीय निकायमा गठित लैङ्गिक उत्तरदायी बजेट समितिका सदस्य तथा स्थानीय निकायमा क्रियाशिल लैङ्गिक उत्तरदायी बजेट सम्पर्क ब्यक्तिहरूले लैङ्गिक उत्तरदायी बजेटका बारेमा तालिम पाई उनीहरूको ज्ञान तथा सीपमा अभिबृद्धि, भएको हुने ।<br>■ सरकारी कार्यालयका लैङ्गिक सम्पर्क व्यक्ति तथा सामाजिक संस्थाका पदाधिकारी तथा कर्मचारीहरूले लैङ्गिक समानता र लैङ्गिक उत्तरदायी बजेटका बारेमा पर्याप्त जानकारी तथा सीप हासिल गरी संस्थागत कार्यक्रममा लैङ्गिक उत्तरदायी बजेटको सचेतना जगाउने, पैरवी गर्ने,अनुगमन र मूल्याङ्कन गर्ने कार्यमा संलग्नता भएको हुने । |

| क्र. सं. | स्थानीयकरण रणनीति | अपेक्षित उपलब्धि | सूचक |
|---|---|---|---|
| ४ | नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र मुल्याङ्कनमा महिलाको अर्थपूर्ण सहभागिता (४.४ सँग सम्वन्धित) | स्थानीय निकायका नीति, योजना तथा कार्यक्रममा महिलाहरू (खास गरी लक्षित वर्गका महिला) को अर्थपूर्ण सहभागिता भई उनीहरूको समस्या र आवश्यकताहरू सम्बोधन भएको हुनेछ । | ■ मन्त्रालयमा लैङ्गिक सम्पर्क व्यक्ति वा विज्ञहरूको मन्त्रालयस्तरीय निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिताका साथै स्थानीय निकायमा लैङ्गिक व्यक्ति वा विज्ञको सहजीकरण वा सहयोगमा नीति एवं योजना तर्जुमा प्रक्रियामा न्यूनतम ५०% महिलाहरूको सहभागिता भएको हुने ।<br>■ मूल्याङ्कन कार्यमा मन्त्रालयमा लैङ्गिक सम्पर्क व्यक्ति वा विज्ञ र स्थानीय निकायमा कम्तिमा ५०% महिलाको सहभागिता भएको हुने ।<br>■ कार्यान्वयन तहमा लक्षित समुदाय/समुहका महिलाहरूको न्यूनतम ५०% सहभागिता भएको हुने ।<br>■ लक्षित वर्गका महिलाहरू विकास कार्यमा आफ्नो आवश्यकता अनुरूप कार्य गर्न गराउन सक्रिय रूपमा संलग्न भएको हुने । |
| ५ | राजनीतिकदल, नागरिक समाज, गैर सरकारी संघसंस्थाहरू र निजी क्षेत्रहरूको विकास कार्यमा संलग्नता (४.५ सँग सम्वन्धित) | लैङ्गिक समानता तथा लैङ्गिक उत्तरदायी बजेटबारे राजनीतिक दल, नागरिक समाज, गैर सरकारी संघसंस्था र निजी क्षेत्र पैरवी गर्न क्रियाशिल भएका हुनेछन् । | ■ निजी क्षेत्रको सार्वजनिक उत्तरदायित्व (Corporate social responsibility) का बारेमा संचेतना अभिवृद्धि भएको हुने ।<br>■ राजनीतिक दल, नागरिक समाज, गै.स.स. र निजीक्षेत्रहरूको संलग्नता र सहभागिता अभिवृद्धि भएको हुने ।<br>■ राजनीतिक दल, नागरिक समाज, गैर सरकारी संघसंस्था र निजी क्षेत्रबाट लैङ्गिक उत्तरदायी बजेट सम्बन्धि पैरवी कार्यक्रमहरू संचालनका साथै महिला लक्षित सार्वजनिक निजी साझेदारी सम्बन्धी आयोजना तर्जुमा तथा कार्यान्वय नभएको हुने ।<br>■ स्थानीय विकास प्रक्रियामा निजी क्षेत्रको लगानी परिचालन भएको हुने । |

| क्र. सं. | स्थानीयकरण रणनीति | अपेक्षित उपलब्धि | सूचक |
|---|---|---|---|
| ६ | ज्ञानको व्यवस्थापन, विकास र विस्तार (४.६ सँग सम्बन्धित) | लैङ्गिक समानता र लैङ्गिक उत्तरदायी बजेटको बारेमा सम्बन्धित मन्त्रालय र स्थानीय निकायहरूले हासिल गरेको ज्ञान तथा अनुभवहरूको व्यवस्थापन भई राम्रा अभ्यासको पुनराबृत्ति भएको हुनेछ । | ■ लैङ्गिक समानता र लैङ्गिक उत्तरदायी बजेट तथा खर्चसँग सम्बन्धित तथ्याङ्क तथा सूचना संकलन र अन्तर निकाय आदान प्रदान भएको हुने ।<br>■ लैङ्गिक समानता र लैङ्गिक उत्तरदायी बजेटका बारेमा गरेका उत्तम अभ्यासहरूको संकलन, व्यवस्थापन र विकास भएको हुने ।<br>■ लैङ्गिक समानता र लैङ्गिक उत्तरदायी बजेट बारेमा संकलित ज्ञान तथा अभ्यासहरूको प्रचार प्रसार तथा संम्प्रेषण भएको हुने । |
| ७ | शिक्षा क्षेत्रको माध्यमबाट लैङ्गिक समानताको प्रबर्द्धन (४.७ सँग सम्बन्धित) | स्थानीय विद्यालयका विभिन्न तहका शिक्षक/शिक्षिका तथा शिक्षा क्षेत्रमा संलग्न व्यक्तिहरूमा लैङ्गिक समानता तथा लैङ्गिक उत्तरदायी बजेटका विषयमा छलफल र वहस गर्ने पद्धतिको विकास भई विद्यार्थीहरू र अभिभावकहरूमा आधारभूत ज्ञान स्थानान्तरण भएको हुनेछ । | ■ लैङ्गिक संवेदनशीलता, महिला सशक्तिकरण, लैङ्गिक हिंसा र लैङ्गिक समानता जस्ता विषयहरूमा शिक्षक, नागरिक समाज, अभिभावकहरू र विद्यार्थीहरू बीच छलफल, वहस तथा अन्तर्क्रिया सञ्चालन भएको हुने ।<br>■ लैङ्गिक समानता र महिला सशक्तीकरण सम्वन्धी शैक्षिक सामाग्रीको विकास भएको हुने ।<br>■ लैङ्गिक हिंसा रहित समाजको निर्माणमा महिलाको सशक्त भूमिका स्थापित हुने । |

| क्र. सं. | स्थानीयकरण रणनीति | अपेक्षित उपलब्धि | सूचक |
|---|---|---|---|
| ८ | सञ्चार माध्यमवाट लैङ्गिक समानता सम्वन्धी संदेशहरूको प्रचार प्रसार, प्रबर्द्धन र संरक्षण (४.८ सँग सम्बन्धित) | राष्ट्रिय र स्थानीय सञ्चार माध्यमबाट महिला सशक्तिकरण, विकासमा महिलाको भूमिका, लैङ्गिक समानता, लैङ्गिक उत्तरदायी बजेटका मान्यता, प्रयोगको तरिका र फाइदाका बारेमा समाचार संकलन, प्रकाशन र प्रसारण भएको हुनेछ । | ■ राष्ट्रिय र स्थानीय सञ्चार माध्यमहरूबाट महिला सशक्तिकरण र विकास प्रक्रियामा महिलाहरूको भूमिकाको बारेमा समाचार संकलन, प्रकाशन र प्रसारण भएको हुने ।<br>■ लैङ्गिक उत्तरदायी बजेटका मान्यता र फाइदाका विषयमा समाचार प्रकाशन र प्रसारण भएको हुने ।<br>■ लैङ्गिक विरुद्ध हिंसा, महिला अधिकार र बालवालिका बेचबिखन सम्बन्धि सूचना संकलन, प्रकाशन र प्रसारण भएको हुने ।<br>■ लिङ्ग पहिचान पश्चात् गर्भपतन विरुद्ध सशक्त सामाजिक अभियान सञ्चालन भएको हुने । |
| ९ | महिलाहरुको क्षमता अभिवृद्धि, आय आर्जन र रोजगारी वृद्धि | सरोकारवाला निकायबाट रोजगारीका शर्तमा परिवर्तन, सीप विकास, तालिम कार्यक्रम, महिलामैत्री प्रविधि तथा श्रममा अविभेदको नीतिद्वारा महिलाहरुको क्षमता अभिवृद्धि, आयआर्जन र रोजगारीमा वृद्धि भएको हुनेछ । | ■ सरोकारवालाले रोजगारीका शर्तमा परिवर्तन गरेको हुने ।<br>■ महिलाहरुको आय वृद्धि भएको हुने ।<br>■ लैङ्गिक सशक्तिकरण मापक GEM र लैङ्गिक विकास सूचकमा GDI सुधार भएको हुने ।<br>■ महिलामैत्री प्रविधिको उपयोग बढेको हुने ।<br>■ महिला र पुरुषबीच समान कामको लागि समान ज्याला सुनिश्चित भएको हुने । |

| क्र. सं. | स्थानीयकरण रणनीति | अपेक्षित उपलब्धि | सूचक |
|---|---|---|---|
| १० | अनुगमन र मुल्याङ्कन विधिको विकास (४.९ सँग सम्बन्धित) | मन्त्रालय र स्थानीय निकायहरूमा सहभागितात्मक अनुगमन र मुल्याङ्कन गर्ने पद्धतिको विकास भई लैङ्गिक समानता एवं लैङ्गिक उत्तरदायी बजेटका सिद्धान्तहरूको स्थानीयकरण भएको हुनेछ । | ■ मन्त्रालय र स्थानीय निकायले तयार गरेका वा तयार गर्ने निर्देशिकाहरूमा सहभागितात्मक अनुगमन मुल्याङ्कन, लैङ्गिक संवेदनशीलता, महिला सशक्तिकरण, लैङ्गिक हिंसा र लैङ्गिक समानता एवं लैङ्गिक उत्तरदायी बजेटका सिद्धान्तहरूको समायोजन भएको हुने ।<br>■ अनुगमन र मुल्याङ्कन प्रणालीमा लैङ्गिकस मानता एवं लैङ्गिक उत्तरदायी बजेट सम्बन्धि सूचकहरू समावेश भएको हुने ।<br>■ अनुगमन र मुल्याङ्कनबाट सिकेका कुराहरू नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा पृष्ठपोषणका रूपमा उपयोग गरिएको हुने ।<br>■ स्थानीय निकायको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (MCPM) सूचकमा लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीतिले अवलम्बन गरेको सूचक समायोजन भएको हुने । |

# ६. लैङ्गिक उत्तरदायी बजेट समितिको गठन, काम कर्तव्य र अधिकार

## ६.१. लैङ्गिक उत्तरदायी बजेट कार्यन्वयन समितिको गठन

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा देहाय बमोजिमको लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन समिति रहनेछ ।

१. महाशाखा प्रमुख, योजना तथा वै.स.स. महाशाखा - संयोजक
२. शाखा प्रमुख, लै.स.सा.स शाखा - सदस्य
३. शाखा प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य
४. शाखा प्रमुख, अनुगमन तथा मूल्याङ्कन - सदस्य
५. शाखा प्रमुख, योजना शाखा - सदस्य-सचिव

आवश्यकता अनुसार अन्य शाखा तथा पदाधिकारीहरूलाई यस समितिमा आमन्त्रण गर्न सकिने छ ।

### ६.१.१ मन्त्रालय स्तरीय लैङ्गिक उतरदायी बजेट कार्यन्वयन समितिको काम, कर्तव्य र अधिकार

१. मन्त्रालयको आवधिक योजना तथा वार्षिक कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाउन अवलम्वन गर्नुपर्ने कार्यविधि निर्धारण गर्ने । यसका लागि आवश्यक प्राविधिक सुझावका लागि अर्थ मन्त्रालयमा रहेको लैङ्गिक उत्तरदायी बजेट समिति सँग समन्वय गर्ने ।
२. मन्त्रालय र अन्तर्गत सःशर्त र निःशर्त अनुदानको बजेटलाई लैङ्गिक उत्तरदायी बनाउन विद्यमान बजेट प्रणालीमा गर्नुपर्ने सुधार तथा मन्त्रालयबाट प्रदान गरिने अनुदान रकमको समेत लैङ्गिक उत्तरदायीता मापन गर्ने ।

३. मन्त्रालयका योजना तथा कार्यक्रमहरूमा लैङ्गिक समानता प्रवर्द्धन गर्न समष्टिगत आर्थिक नीति तथा राष्ट्रिय विकास नीतिहरूबाट प्राप्त प्रतिफल र असरहरूको नियमित विश्लेषण गरी त्यसको नतिजाको आधारमा सवल पक्षको निरन्तरता र कमजोर पक्षको सुधार गर्न सहयोग गर्ने ।

४. लैङ्गिक उत्तरदायी बजेट एवं कार्यकम निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि लैङ्गिक सम्पर्क बिन्दु तथा अन्य सम्बन्धित विभाग, शाखा, महाशाखाहरूको संस्थागत क्षमता तथा जनशक्तिको दक्षता अभिबृद्धिका लागि आवश्यक कार्यक्रम तर्जुमा तथा बजेटको ब्यबस्था गर्ने ।

५. लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी जनचेतना अभिबृद्धि गर्न मन्त्रालयले सञ्चार क्षेत्रसँग सहकार्य गरी निरन्तररूपमा प्रचार प्रसार गर्ने, गराउने ।

६. मन्त्रालय तथा मातहतका निकायहरूको सार्वजनिक खर्चको लैङ्गिक दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गरी नतिजा प्रकाशन गर्ने ।

७. मन्त्रालय अन्तर्गतको सार्वजनिक खर्चलाई लैङ्गिक उत्तरदायी बनाउन मन्त्रालयका महाशाखा, शाखा तथा अन्य मातहतका केन्द्रीय निकायहरू एवं स्थानीय निकाय तथा विषयगत निकायहरूसँग समन्वय गर्ने ।

८. विकास साझेदारहरूसँग लैङ्गिक दृष्टिले प्रभावकारी हुनेगरी सहायता अभिबृद्धि गर्न आवश्यक संवाद तथा सहमति गर्ने ।

९. विषयगत क्षेत्रमा क्रियाशिल गैर सरकारी संस्था, नागरिक समाज तथा निजी क्षेत्रको आर्थिक सामाजिक विकास सम्बन्धी कार्यहरूलाई लैङ्गिक उत्तरदायी बनाउन आवश्यक समन्वय गर्ने ।

१०. विषयगत क्षेत्रमा क्रियाशिल सरकारी तथा गैर सरकारी क्षेत्रको बजेटले महिला र पुरुषको समग्र विकासमा पार्ने प्रभावहरूको अध्ययन गरी सोको प्रकाशन तथा वितरण गर्ने ।

११. स्थानीय निकायहरूमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परिक्षण कार्यक्रमलाई सबै जिल्लामा संस्थागत गर्न सहयोग गर्ने, स्थानीय तहसम्म लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा रणनीतिलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सहयोग गर्ने ।

१२. संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट गरिने लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरणसँग सम्बद्ध कार्यहरूको प्रभावकारी सम्पादनका लागि राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, विभिन्न विषयगत मन्त्रालय, सरकारी एवं गैरसरकारी निकायहरू रसञ्चार क्षेत्रसँग समन्वय गर्ने ।

१३. मन्त्रालय स्तरीय (महिला तथा वालवालिका, स्वास्थ्य, शिक्षा, शहरी विकास,अन्य) लैससास समितिहरू बीच समन्वय गरी नीतिगत एकरूपता ल्याउन पहल गर्ने ।

**६.२. जिल्लास्तरीय लैङ्गिक उतरदायीबजेट कार्यान्वयन समितिको गठन**

जिल्लास्तरमा देहाय बमोजिमको लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन समिति रहनेछ ।

| | | |
|---|---|---|
| १ | जिविस सभापति वा सभापतिको कामकाज गर्न तोकिएको पदाधिकारी | संयोजक |
| २ | स्थानीय विकास अधिकारी, जिविसको कार्यालय | सदस्य |
| ३ | प्रमुख, जिल्ला कृषि विकास कार्यालय | सदस्य |
| ४ | प्रमुख, जिल्ला शिक्षा कार्यालय | ” |
| ५ | प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय | ” |
| ६ | प्रमुख, जिल्ला पशुपंक्षी सेवा कार्यालय | ” |

| | | |
|---|---|---|
| ७ | प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय | " |
| ८ | प्रमुख, जिल्ला घरेलु उद्योग कार्यालय / घ.तथा सा.उ.वि. समिति | " |
| ९ | प्रमुख, जिल्ला वन कार्यालय | " |
| १० | प्रमुख, डिभिजन/सव डिभिजन खानेपानी तथा सरसफाई कार्यालय | " |
| ११ | प्रमुख, जिल्ला प्राविधिक कार्यालय | " |
| १२ | प्रमुख, महिला तथा वालवालिका कार्यालय | " |
| १३ | प्रतिनिधि (अधिकृतस्तर), जिल्ला प्रशासन कार्यालय | " |
| १४ | उपाध्यक्ष, जिल्ला महिला समन्वय समिति | " |
| १५ | महिला प्रतिनिधि, जिल्ला उद्योग बाणिज्य संघ | " |
| १६ | प्रतिनिधि, गैसस महासंघ | " |
| १७ | जिविस लैससास सम्पर्क बिन्दु | " |
| १८ | प्रतिनिधि, जिल्लास्थित पत्रकार महासंघ | " |
| १९ | योजना, अनुगमन तथा प्रशासकीय अधिकृत, जि.वि.स. | सदस्य सचिव |

आवश्यकता अनुसार अन्य शाखा तथा पदाधिकारीहरूलाई यस समितिमा आमन्त्रण गर्न सकिने छ। प्रतिनिधि तोकी पठाउँदा सम्भव भएसम्म महिला प्रतिनिधि पठाउनु पर्नेछ।

### ६.२.१ जिल्ला स्तरीय लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार

१. जिल्लाको आवधिक योजना तथा वार्षिक कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाउन अवलम्वन गर्नुपर्ने नीति, रणनीति तथा कार्यक्रमहरूको व्यवस्था गर्ने।

२. बजेट प्रक्रियालाई लैङ्गिक उत्तरदायी बनाउन विद्यमान बजेट प्रणालीमा गर्नुपर्ने सुधारका लागि सुझाव दिने।

३. जिल्लाको सहभागितात्मक योजना तर्जुमाको सबै चरणहरूमा महिलाको सहभागिता सुनिश्चित गरी लैङ्गिक उत्तरदायी बजेट प्रक्रियालाई अवलम्बन गर्ने। जिल्लाको आवधिक तथा बार्षिक जिल्ला विकास योजना तथा बजेटको लैङ्गिक उत्तरदायीता मापन गर्ने।

४. जिल्लामा कार्यरत विभिन्न विकास साझेदारहरू (विषयगत निकायहरू र गैससहरू) को लैङ्गिक बजेट परीक्षण गर्ने, गराउने र प्रतिवेदन प्रकाशन गर्ने।

५. जिल्ला विकास समितिको स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका २०६८ बमोजिम लैङ्गिक उत्तरदायी बजेट परीक्षण गर्ने, गराउने। सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा जि.वि.स.बाट प्रदान गरिने अनुदान रकमको समेत लैङ्गिक उत्तरदायीता भए नभएको मापन गर्ने।

६. स्थानीय निकायले गठन गर्ने संयन्त्रमा महिलाहरूको सहभागिता कम्तिमा ५०% पुऱ्याउन रणनीति र कार्ययोजना बनाई कार्यान्वयन गर्ने।

७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा रणनीतिको आधारमा स्थानीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा रणनीति तयार गरी स्थानीयस्तरमा प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सहयोग गर्ने गराउने।

८. जिल्ला सूचना तथा अभिलेख केन्द्रमा लैङ्गिक खण्डीकृत तथ्यांक तथा सूचना संकलन र पार्श्व चित्र (जिल्ला, गाउँ, नगर) तयार एवं अद्यावधिक गर्दा लैङ्गिक उत्तरदायित्व र समानताका नीति सुनिश्चित गर्न समन्वय गर्ने ।

९. मन्त्रालयबाट स्वीकृत बजेट र कार्यक्रमहरूमा लैङ्गिक समानता प्रवर्द्धन गर्न समष्टिगत आर्थिक नीति तथा राष्ट्रिय विकास नीतिहरूबाट पर्न गएको असरहरूको विश्लेषण गरी त्यसको निराकरणका लागि स्थानीय तहमा गर्नुपर्ने उपायहरूको विश्लेषण गर्ने ।

१०. लैङ्गिक उत्तरदायी बजेट एवं कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि लैङ्गिक सम्पर्क बिन्दु तथा अन्य सम्बन्धित शाखा तथा अन्य विषयगत एवं गैसस कार्यालयहरूको संस्थागत क्षमता तथा जनशक्तिको दक्षता अभिबृद्धिका लागि आवश्यक कार्यक्रम तथा बजेटब्यबस्था गर्ने ।

११. सवै विषयगत कार्यालयहरूमा लैङ्गिक उत्तरदायी बजेटको सुनिश्चितताका लागि समन्वय गर्ने, त्यस्ता कार्यालयहरूमा लैङ्गिकसम्पर्क व्यक्तिको चयन तथा काम कर्तव्य, अधिकारको निर्क्योल तथा क्षमता अभिवृद्धि गर्ने ।

१२. लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी स्थानीय स्तरमा क्रियाशिल सबै तहको साझेदारहरूको जनचेतना अभिबृद्धि गर्ने । साथै जिविस, जिल्लाका विषयगत कार्यालयहरू तथा मातहतका निकायहरूको परिचालन गरी गा.वि.स. तहसम्म लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी विषयवस्तु व्यापक रूपमा प्रचार प्रसार गर्ने गराउने र क्षमता अभिवृद्धि गर्ने ।

१३. जिल्लाका सरकारी कार्यालयहरूको सार्वजनिक खर्चलाई लैङ्गिक उत्तरदायी बनाउन सम्बन्धित सरोकारवाला निकाय/विषयगत निकायहरूसँग अन्तर्क्रिया, सिकाई आदान प्रदान र असल अभ्यासहरूको अनुसरण गर्न निर्देशन गर्ने ।

१४. विकास प्रक्रियामा निजी क्षेत्रको क्रियाशिलता प्रवर्द्धन गरी सार्वजनिक निजी साझेदारीको अवधारणा मार्फत् लैङ्गिक समानता प्राप्तिका लागि आवश्यक समन्वय गर्ने ।

१५. जिल्लामा कार्यरत वा साझेदारीताका लागि सम्भावित विकास साझेदारहरूसँग समन्वय गरी लैङ्गिक दृष्टिले सहायताको प्रभावकारीतामा अभिबृद्धि गर्न केन्द्रीय लैंङ्गिक उत्तरदायी बजेट कार्यान्वयन समितिसँग समन्वय अभिबृद्धि गर्ने ।

१६. जिल्लाभित्र विभिन्न विषयमा क्रियाशिल गैर-सरकारी संस्था, नागरिक समाज तथा निजीक्षेत्रका आर्थिक सामाजिक बिकास सम्बन्धी कार्यहरूलाई लैङ्गिक उत्तरदायी बनाउन आवश्यक सहयोग, सहकार्य र समन्वय गर्ने ।

१७. जिल्लामा विविध विषयमा क्रियाशिल सरकारी तथा गैर सरकारी, नागरिक समाज तथा निजी क्षेत्रको बजेटले महिला र पुरुषको समग्र विकासमा पार्ने प्रभावहरूको अध्ययन गरी सोको प्रकाशन गर्ने ।

१८. जिल्लामा लैङ्गिक उत्तरदायी बजेटको कार्यान्वयनको अवस्था विश्लेषण गरी बजेटको सही उपयोगका लागि सम्वन्धित निकायहरूवीच समन्वय गर्ने ।

१९. जिल्लास्थित स्थानीय निकाय, विषयगत कार्यालयहरू तथा मातहतका निकायहरू एवम् नागरिक समाज, गैससको सार्वजनिक खर्चको लैङ्गिक दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गरी सोको नतिजा प्रकाशन गर्ने ।

### ६.३ नगरपालिकास्तरीय लैङ्गिक उतरदायी बजेट कार्यान्वयन समितिको गठन

नगरपालिकास्तरमा देहाय बमोजिमको लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन समिति रहनेछ ।

| | | |
|---|---|---|
| १ | नगर प्रमुख वा नगरप्रमुखको कामकाज गर्न तोकिएको पदाधिकारी | संयोजक |
| २ | कार्यकारी अधिकृत | सदस्य |
| ३ | प्रतिनिधि, जिल्ला शिक्षा कार्यालय | " |
| ४ | प्रतिनिधि, जिल्ला कृषि विकास कार्यालय | " |
| ५ | प्रतिनिधि, जिल्ला पशुपंक्षी सेवा कार्यालय | " |
| ६ | प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | " |
| ७ | प्रतिनिधि, जिल्ला स्वास्थ्य कार्यालय | " |
| ८ | प्रतिनिधि, जिल्ला/सेक्टर वन कार्यालय | " |
| ९ | प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय | " |
| १० | प्रतिनिधि, जिल्ला प्राविधिक कार्यालय | " |
| ११ | प्रतिनिधि, महिला तथा बालबालिका कार्यालय | " |
| १२ | प्रतिनिधि, जिल्ला घरेलु उद्योग कार्यालय/घ.तथा सा.उ.वि.स. | " |
| १३ | उपाध्यक्ष, महिला समन्वय समिति | " |
| १४ | प्रतिनिधि, गैसस महासंघ | " |
| १५ | महिला प्रतिनिधि, नगर उद्योग बाणिज्य संघ | " |
| १६ | सामाजिक विकास अधिकृत, नगरपालिका | सदस्य-सचिव |

आवश्यकता अनुसार अन्य शाखा तथा पदाधिकारीहरूलाई यस समितिमा आमन्त्रण गर्न सकिने छ । प्रतिनिधि तोकी पठाउँदा सम्भव भएसम्म महिला प्रतिनिधि पठाउनु पर्नेछ ।

#### ६.३.१ नगरपालिकास्तरीय लैङ्गिक उतरदायी बजेट कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार

१. नगरपालिकाको आवधिक योजना तथा वार्षिक कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाउन अवलम्वन गर्नुपर्ने स्थानीय नीति, रणनीति तथा कार्यकमहरूका लागि आवश्यक बजेटको व्यवस्था गर्ने । यसका लागि आवश्यक प्राविधिक सुझावका लागि मन्त्रालयको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) शाखा मार्फत् लैंङ्गिक उत्तरदायी बजेट कार्यान्वयन समितिसँग समन्वय गर्ने ।

२. नगरको बजेटलाई लैङ्गिक उत्तरदायी बनाउन विद्यमान बजेट प्रणालीमा गर्नुपर्ने सुधारका लागि सुझाव दिने तथा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्रदान गरिने अनुदान रकमको समेत लैङ्गिक उत्तरदायीता मापन गर्ने ।

३. नगरको सहभागितात्मक योजना तर्जुमाको सबै चरणहरूमा बञ्चितिमा परेका सबै समूहहरूका महिलाहरूको सहभागिता सुनिश्चित गरी योजनाको सबै चरणहरूमा लैङ्गिक उत्तरदायी बजेट प्रक्रियालाई अवलम्बन गरी योजना तर्जुमा गर्ने । साथै नगरको आवधिक तथा बार्षिक नगर विकास योजना तथा बजेटको लैङ्गिक उत्तरदायीता मापन गर्ने ।

४. नगरमा कार्यरत विभिन्न विकास साझेदारहरू, विषयगत निकायहरू र गैससहरूको लैङ्गिक बजेट परीक्षण गर्ने, गराउने र प्रतिवेदन प्रकाशन गर्ने ।

५. स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०६८ बमोजिम लैङ्गिक उत्तरदायी बजेट परीक्षण गर्ने, गराउने ।

६. नगरपालिका अन्तर्गत गठन हुने संयन्त्रमा महिलाहरूको सहभागिता कम्तिमा ५०% पुऱ्याउन रणनीति र कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा रणनीतिको आधारमा नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा रणनीति तयार गरी स्थानीयस्तरमा प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सहयोग गर्ने गराउने ।

८. नगर सूचना तथा अभिलेख केन्द्रमा लैङ्गिक खण्डीकृत तथ्याङ्क संकलन, नगर पार्श्वचित्र तयार एवं अध्यावधिक गर्दा लैङ्गिक विश्लेषण गर्ने कार्यमा समन्वय गर्ने ।

९. मन्त्रालयका योजना तथा कार्यक्रमहरूमा लैङ्गिक समानता प्रवर्द्धन गर्न समष्टिगत आर्थिक नीति तथा राष्ट्रिय विकास नीतिहरूबाट पर्न गएको असरहरूको विश्लेषण गरी त्यसको निराकरणका लागि नगरको तल्लोतह सम्ममा अपनाउनु पर्ने उपायहरूको विश्लेषण गर्ने ।

१०. लैङ्गिक उत्तरदायी बजेट एवं कार्यकम निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि लैङ्गिक सम्पर्क बिन्दु तथा अन्य सम्वन्धित शाखा तथा अन्य विषयगत कार्यालयहरू एवं गैसस कार्यालयहरूको संस्थागत क्षमता तथा जनशक्तिको दक्षता अभिबृद्धिका लागि आवश्यक ब्यबस्था गर्ने ।

११. लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी नगरस्तरमा क्रियाशिल सबै तहको साझेदारहरूको जनचेतना अभिबृद्धि गर्ने साथै नगरस्थित विषयगत सरकारी कार्यालयहरू तथा मातहतका निकायहरूको परिचालन गरि नगरको तल्लो तहसम्म लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी व्यापक रूपमा प्रचार प्रसार गर्ने गराउने र क्षमता अभिवृद्धि गर्ने ।

१२. नगरभित्रका सरकारी कार्यालयहरूको सार्वजनिक खर्चलाई लैङ्गिक उत्तरदायी बनाउन सम्वन्धित सरोकारवाला निकाय/विषयगत निकायहरूसँग समन्वय गर्ने ।

१३. नगरमा कार्यरत वा साझेदारीताका लागि सम्भावित दातृ निकायहरूसँग समन्वय गरी लैङ्गिक दृष्टिले सहायताको प्रभावकारीतामा अभिबृद्धि गर्न केन्द्रीय लैंङ्गिक उत्तरदायी बजेट समितिसँग समन्वय अभिबृद्धि गर्ने ।

१४. नगरभित्र विषयगत क्षेत्रमा क्रियाशील गैर सरकारी संस्था, नागरिक समाज तथा निजीक्षेत्रका आर्थिक सामाजिक विकाससम्बन्धी कार्यहरूलाई लैङ्गिक उत्तरदायी बनाउन आवश्यक समन्वय गर्ने ।

१५. नगरमा विविध विषयगत क्षेत्रमा क्रियाशील सरकारी तथा गैर सरकारी, नागरिक समाज तथा निजी क्षेत्रको बजेटले महिला र पुरुषको समग्र विकासमा पार्ने प्रभावहरूको अध्ययन गरी सोको प्रकाशन तथा वितरण गर्ने ।

१६. नगरको लैङ्गिक उत्तरदायी बजेटको कार्यान्वयनको अवस्था विश्लेषण गरि बजेटको सही उपयोगका लागि आवश्यक समन्वय गर्ने ।

१७. नगरपालिका, नगरस्थित विषयगत कार्यालयहरू तथा मातहतका निकायहरू एवं नागरिक समाज, गैससको सार्वजनिक खर्चको लैङ्गिक दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गरी सोको नतिजा प्रकाशन गर्ने ।

**६.४ गाउँ विकास समिति स्तरीय लैङ्गिक उतरदायी बजेट कार्यान्वयन समितिको गठन**

गाउँस्तरमा देहाय बमोजिमको लैङ्गिक उतरदायी बजेट कार्यान्वयन समितिमा रहनेछ।

| | | |
|---|---|---|
| १ | गाउँ विकास समितिको अध्यक्ष वा अध्यक्षको काम गर्न तोकिएको पदाधिकारी | संयोजक |
| २ | गाउँ विकास समितिको सचिव | सदस्य |
| ३ | गाविसले तोकेको स्थानीय स्वास्थ्य संस्थाको प्रमुख वा प्रतिनिधि एक जना | " |
| ४ | गाविसले तोकेको स्थानीय विद्यालय व्यवस्थापन समितिको प्रमुख वा प्रतिनिधि एक जना | " |
| ५ | गाउँ विकास क्षेत्रमा कार्यरत महिला शिक्षकमध्येबाट गाविसले तोकेको एक जना | " |
| ६ | स्थानीय कृषि सेवा केन्द्र प्रमुख वा प्रतिनिधि एक जना | " |
| ७ | गाउँ विकास समिति क्षेत्रमा लैङ्गिक समता एवं महिला सशक्तिकरणको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूले आफू मध्येबाट छनौट गरी पठाएको गैर सरकारी संस्थाको प्रतिनिधि एकजना | " |
| ८ | गाउँ विकास क्षेत्रका सामुदायिक संस्थाहरूले आफू मध्येबाट छनौट गरी पठाएको सामुदायिक संस्थाको महिला प्रतिनिधि एक जना | " |
| ९ | महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट गाविसले तोकेको एक जना | " |
| १० | गाउँ विकास क्षेत्रमा रहेका महिला संस्थाहरू (जस्तै आमा समूह, महिला सहकारी, महिला सञ्जाल, निगरानी समूह आदि) ले आफू मध्येबाट छनौटगरी पठाएका प्रतिनिधि एक जना | " |
| ११ | गाउँ विकास समितिस्थित वडा नागरिक मञ्चहरूले आफू मध्येबाट छनौट गरी पठाएको महिला प्रतिनिधि एकजना | " |
| १२ | नागरिक सचेतना केन्द्रले छनौट गरी पठाएको महिला प्रतिनिधि एकजना | " |
| १३ | निजीक्षेत्रबाट (गा.वि.स.ले छनौट गरेको) प्रतिनिधि एकजना | " |
| १४ | सामाजिक परिचालक वा गाउँ विकास समितिको सचिवले तोकेको व्यक्ति | सदस्य सचिव |

आवश्यकता अनुसार अन्य संस्था तथा पदाधिकारीहरूलाई यस समितिमा आमन्त्रण गर्न सकिने छ। प्रतिनिधि तोकी पठाउँदा सम्भव भएसम्म महिला प्रतिनिधि पठाउनु पर्नेछ।

**६.४.१ गाउँस्तरीय लैङ्गिक उतरदायी बजेट कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार**

१. गाउँ विकास समितिको आवधिक योजना तथा वार्षिक कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाउन अवलम्वन गर्नुपर्ने स्थानीय नीति, रणनीति तथा कार्यकमहरूका लागि आवश्यक बजेटको व्यवस्था गर्ने। यसका लागि आवश्यक प्राविधिक सुझावका लागि जिल्लाको लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन समितिसँग समन्वय गर्ने।

२. गाउँ विकास समितिको बजेटलाई लैङ्गिक उत्तरदायी बनाउन विद्यमान बजेट प्रणालीमा गर्नुपर्ने सुधारका लागि सुझाव दिने।

३. गाविसको सहभागितात्मक योजना तर्जुमाको सबै चरणहरूमा महिला तथा वञ्चितीमा परेको सबै समूहहरूको सहभागिता सुनिश्चित गरी योजनाको सबै चरणहरूमा लैङ्गिक उत्तरदायी बजेट प्रक्रियालाई अवलम्बन गरी योजना तर्जुमा गर्ने। साथै गाविसको आवधिक तथा बार्षिक विकास योजना तथा बजेटको लैङ्गिक उत्तरदायीता मापन गर्ने।

४. गाउँ विकाससमितिमा कार्यरत विभिन्न विकास साझेदारहरू, विषयगत निकायहरू र गैससहरूको लैङ्गिक बजेट परीक्षण गर्ने, गराउने र प्रतिवेदन प्रकाशन गर्ने ।

५. स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०६८ बमोजिम गाविसको लैङ्गिक उत्तरदायी बजेट परीक्षण गर्ने, गराउने ।

६. गाविसका सबैसंयन्त्रमा महिलाहरूको सहभागिता कम्तिमा ५०% पुऱ्याउन रणनीति र कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

७. राष्ट्रिय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा रणनीतिको आधारमा स्थानीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा रणनीति तयार गरी स्थानीय स्तरमा प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सहयोग गर्ने गराउने ।

८. गाविसको सूचना तथा अभिलेख केन्द्रमा लैङ्गिक खण्डीकृत तथ्यांक संकलन, गाउँ पार्श्वचित्र तयार एवं अध्यावधिक विश्लेषण गर्न समन्वय गर्ने ।

९. लैङ्गिक समानता प्रवर्द्धन गर्न समष्टिगत आर्थिक नीति तथा राष्ट्रिय विकास नीतिहरूबाट पर्न गएको असरहरूको गाउँस्तरीय विश्लेषण गरी त्यसको निराकरणका लागि गाऊँस्तरमा गर्नुपर्ने उपायहरूको विश्लेषण गर्ने ।

१०. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्रदान गरिने अनुदान रकमको लैङ्गिक उत्तरदायीता मापन गर्ने

११. लैङ्गिक उत्तरदायी बजेट एवं कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि लैङ्गिक सम्पर्क बिन्दु तथा अन्य विषयगत कार्यालय एवं गैसस कार्यालयहरूको संस्थागत क्षमता तथा जनशक्तिको दक्षता अभिबृद्धिका लागि आवश्यक व्यबस्था गर्ने ।

१२. लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी स्थानीय स्तरको सबै तहको साझेदारहरूको जनचेतना अभिबृद्धि गर्ने । साथै गाउँस्थित विषयगत सरकारी कार्यालयहरू तथा मातहतका निकायहरूको परिचालन गरी स्थानीय स्तरको तल्लो तहसम्म लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी व्यापक रूपमा प्रचार प्रसार गर्ने गराउने र क्षमता अभिवृद्धि गर्ने ।

१३. गाविस स्थित सरकारी कार्यालयहरूको सार्वजनिक खर्चलाई लैङ्गिक उत्तरदायी बनाउन सम्वन्धित सरोकारवाला निकाय/विषयगत निकायहरूसँग समन्वय गर्ने ।

१४. गाविसमा कार्यरत वा साझेदारीताका लागि सम्भावित दातृ निकायहरूसँग समन्वय गरी लैङ्गिक दृष्टिले सहायताको प्रभावकारीतामा अभिबृद्धि गर्न जिल्लास्तरीय लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन समितिसँग समन्वय अभिबृद्धि गर्ने ।

१५. गाविस क्षेत्रभित्र विषयगत क्षेत्रमा क्रियाशिल गैर सरकारी संस्था, नागरिक समाज तथा निजीक्षेत्रका आर्थिक सामाजिक बिकास सम्बन्धी कार्यहरूलाई लैङ्गिक उत्तरदायी बनाउन आवश्यक समन्वय गर्ने ।

१६. गाविसका विविध विषयगत क्षेत्रमा क्रियाशिल सरकारी तथा गैर सरकारी, नागरीक समाज तथा निजी क्षेत्रको बजेटले महिला र पुरुषको समग्र विकासमा पार्ने प्रभावहरूको अध्ययन गरी सोको प्रकाशन तथा वितरण गर्ने।

१७. गाविसको लैङ्गिक उत्तरदायी बजेटको कार्यान्वयनको अवस्था विश्लेषणगरी बजेटको सही उपयोगका लागि आवश्यक समन्वय गर्ने ।

१८. गाविस तथा गाविसस्थित विषयगत कार्यालयहरू तथा मातहतका निकायहरू एवं नागरिक समाज, गैससको सार्वजनिक खर्चको लैङ्गिक दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गरी सो को नतिजा प्रकाशन गर्ने ।

# अनुसूचीहरू

*अनुसूची – १*

**लैङ्गिक उत्तरदायी बजेट तर्जुमा विधि**

मन्त्रालय वा स्थानीय निकायले सम्पादन गर्ने सबै कार्यक्रमहरूको प्रारूप/सोच तयार पार्दाको अवस्थामानै उक्त कार्यक्रमले लैङ्गिक समानताका विषयवस्तुलाई समेट्न सकोस् भन्ने बारेमा विचार पुऱ्याउनु पर्दछ ।

सबै ठाउँमा बसोवास गर्ने जातजाति, धर्म, उमेर समूह र क्षमताका महिलाको आवश्यकता र सरोकारलाई सम्बोधन गरी उपलब्धिमा समान उपभोगको अवस्था कसरी सिर्जना गर्न सकिन्छ भनी विश्लेषण गरिनु पर्दछ। यसरी कार्यक्रम तर्जुमा गर्दा विशेषत दुईवटा रणनीति अवलम्बन गर्नु पर्दछ ।

(१) सबैको लागि भनी तर्जुमा गरिने कार्यक्रम र बजेटले अनिवार्य रूपमा महिलाको समान हितको सुनिश्चितता हुने गरी बजेट विनियोजन गर्नुपर्दछ ।

(२) महिला सशक्तीकरण कार्यक्रममा बजेट विनियोजन गर्नुपर्दछ ।

**लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराहरू**

(क) अवस्था: कार्यक्रमहरू जुन क्षेत्र र समुदायमा लक्षित गरी सञ्चालन गरिने हो त्यस क्षेत्रको सामाजिक र आर्थिक अवस्था साथै सो क्षेत्रको लक्षित समुहहरूका महिलाहरूको अवस्थाबारे तथ्याङ्क हुन जरुरी हुन्छ ।

(ख) कार्यक्रमहरू: सो क्षेत्रको अवस्था र स्थिति अनुसार लक्षित समुहहरूका महिलाहरूका आवश्यकताको पहिचान गरी ती आवश्यकता पूरा हुने किसिमको कार्यक्रमहरू निर्क्योल गरी उनीहरूको आवश्यकता अनुसार प्राथमिकीकरण गर्नु पर्दछ ।

(ग) बजेट: ती निर्क्योल गरेका र प्राथमिकता प्राप्त कार्यक्रमहरूको कार्यान्वयन गर्न बजार परत लागत मुल्य निर्कौल पुग्ने गरी बजेट विनियोजन र खर्चको सुनिश्चितता गर्नु पर्दछ ।

(घ) उपलब्धि: ती कार्यक्रमहरूको कार्यान्वयनबाट हुने उपलब्धिको बारेमा सुनिश्चितता गर्नु जरुरी हुन्छ ।

(ङ) प्रभाव: ती कार्यक्रमको कार्यान्वयनबाट लक्षित समूहका महिलाहरूको जीवनमा सकारात्मक प्रभाव पार्ने बिषयमा सुनिश्चित हुनु जरुरी हुन्छ ।

**लैङ्गिक उत्तरदायी बजेट वर्गीकरण विधि**

कार्यक्रम र बजेटको विश्लेषण गर्दा बजेटका प्रत्येक क्रियाकलाप लैङ्गिक दृष्टिले कता उन्मुख छ भनी निर्क्योल गर्न निम्नानुसार वर्गीकरण गरिन्छ ।

तालिका नं. १: लैङ्गिक उत्तरदायी बजेट वर्गीकरण

| क्र.सं. | अंकभारको आधार | वर्गीकरण | बजेट कोड |
|---|---|---|---|
| क) | ५० % वा सो भन्दा बढी लाभ महिला वर्गमा पुग्ने क्रियाकलाप | प्रत्यक्ष लैङ्गिक उत्तरदायी | १ |
| ख) | २० % वा सोभन्दा बढी र ५० % भन्दा कम लाभ महिला वर्गमा पुग्ने क्रियाकलाप | अप्रत्यक्ष लैङ्गिक उत्तरदायी | २ |
| ग) | २० % भन्दा कम लाभ महिला वर्गमा पुग्ने क्रियाकलाप | लैङ्गिक दृष्टिकोणले तटस्थ | ३ |

उपर्युक्त अनुसार % निकाल्दा देहायका सूचकहरूको आधारमा मूल्याङ्कन गरी सो मूल्याङ्कनका आधारमा प्राप्त हुने नतिजा बमोजिम वर्गीकरण गर्नुपर्दछ ।

**तालिका नं. २: सूचक र अंक भार**

| गुणात्मक सूचकहरू | अंक भार |
|---|---|
| योजना तर्जुमा र कार्यान्वयनमा महिला सहभागिता | २० |
| महिलाको क्षमता अभिवृद्धि | २० |
| कार्यक्रममा महिलाहरूलाई लाभ तथा नियन्त्रणमा सुनिश्चितता | ३० |
| महिलाहरूको रोजगारी, स्वःरोजगार र आय आर्जनमा अभिवृद्धि | २० |
| महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधारर कार्यबोझमा ल्याउने कमी | १० |
| जम्मा | १०० |

**अंकभार दिने तरिका**

मन्त्रालय र स्थानीय निकायहरूले आफ्नो प्रस्तावित कार्यक्रमहरू र बजेटलाई निम्न सूचक तथा उपसूचकहरूका आधारमा मूल्याङ्कन गरी अंकभार दिनुपर्दछ।

**सूचक तथा उपसूचकहरू र सोको कार्यगत व्याख्याः**

बजेट तर्जुमा प्रक्रियामा निर्धारण गरिने कार्यक्रमहरू लैङ्गिक उत्तरदायी भए नभएको र लैङ्गिक समानताको मूलभूत लक्ष्यमा पुऱ्याउने योगदानको मापन गरी बर्गीकरण गर्न निर्धारण गरिएका सूचकहरू तालिका नं २ मा उल्लेख गरिएकोछ। यसले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय निकाय तथा अन्य सरोकारवालाहरूका कार्यक्रमहरूलाई लैङ्गिक उत्तरदायी बनाउन मार्गनिर्देशन गर्दछ। ती सूचक र उपसूचकहरू पूरा भए नभएको परीक्षण गर्न सोही तालिकामा छुट्टा छुट्टै खण्डमा परीक्षण सूची दिइएकोछ। सो तालिकामा मन्त्रालय, स्थानीय निकाय तथा अन्य सरोकारवालाहरूको कार्यक्रमले प्रत्येक परीक्षण सूचीमा उल्लेखित अवस्थाको स्थितिका आधारमा पाउने अङ्कभार समेत उल्लेख गरिएको छ। मन्त्रालय, स्थानीय निकाय र सरोकारवालाहरूले आगामी वर्षको लागि बजेट तर्जुमा गर्दा कार्यक्रमले परीक्षण आधार पूरागर्न सके नसकेको हेरी नसकेको भए सम्भव भएसम्म उक्त आधारहरू पूरा गर्ने प्रयास गर्नुपर्दछ। कतिपय अवस्थामा यसका लागि कार्यक्रममा सामान्य रणनैतिक फेरबदल मात्र पनि पर्याप्त हुन सक्दछ।

लैङ्गिक समानता प्राप्ति पुरुषको अधिकारको कटौती होईन नत महिलाहरूको नै अधिकारको बढोत्तरी हो। यसले राष्ट्रको सन्तुलित विकासको लागि महिला र पुरुष दुबैको जित–जितको अवस्था सिर्जना गर्दछ। तालिकामा प्रत्येक सूचक, उपसूचक तथा तिनीहरूको परीक्षण आधार सम्बन्धमा उल्लेख गरिएको छ।

मन्त्रालय, स्थानीय निकाय तथा अन्य सरोकारका पक्षहरूले आ–आफ्नो कार्यक्रमहरूको मूल्याङ्कन गरी हरेक कार्यक्रमको लागि तालिका–३ र ४ मा उल्लेख भए अनुसार अङ्कभार दिनु पर्दछ। परीक्षण सूचीमा उल्लेखित अवस्थाको आधारमा उत्तम, मध्यम र सामान्य गरी वर्गीकरण गरी सोही अनुरूप अङ्कभार निर्धारण गरिएकोछ। मूल सूचकका उपसूचक र परीक्षणसूचीमा निर्धारित अङ्कभार तीन प्रकारबाट राखिएका छन्। उदाहरणका लागिः

- क्र.स. १.१, १.२.१, १.२.२, २.२, ३.१, ३.२ र ४.१ मा उल्लेखित अवस्थामा निर्धारित तीन अवस्थामध्ये कुनै एकका लागि मात्र अङ्क दिनुपर्ने हुन्छ।
- क्र.स. १.२.३, १.३, ४.२, ४.३ र ५.१ मा एउटा अवस्था मात्र उल्लेख गरिएको छ र सोमा भए गरेको

छ भने पूरा अङ्क र भए गरेको छैन भने शून्य अङ्क दिनु पर्छ ।

✦ क.स. २.१, २.३, ३.३, ३.४, ३.५ र ५.२ मा एक भन्दा बढी अवस्थाको उल्लेख भए पनि प्रत्येकमा वा केहीमा मात्र पनि अङ्क दिन सकिने गरी निर्धारण गरिएको छ ।

अत: अङ्कभार निर्धारण गर्दा प्रयोगकर्ता स्पष्ट हुनु आवश्यक छ। मन्त्रालय, स्थानीय निकाय तथा अन्य सरोकारका पक्षहरूले उल्लेखित परीक्षण सूचीलाई नियमितरूपमा हुने तलव, भत्ता, दैनिक कार्यालय व्यवस्थापन खर्च, ऋण भुक्तानी आदिमा गरिने विनियोजनमा नभई निश्चित लक्ष्यराखी गरिने कार्यक्रमको सन्दर्भमा प्रस्तुत सूचक, उपसूचक तथा सोको परीक्षण सूची प्रयोगगरी कार्यक्रमगत रूपमा प्रत्येक कार्यक्रमलाई लैङ्गिक समानताका रूपमा प्रत्यक्ष लैङ्गिक उत्तरदायी, अप्रत्यक्ष लैङ्गिक उत्तरदायी वा लैङ्गिक रूपमा तटस्थ भनी माथि उल्लेखित तालिका नं १ अनुसार वर्गीकरण गर्नु पर्दछ ।

निर्धारित प्रत्येक सूचकहरू एक अर्काको परिपूरकको रूपमा रहेता पनि लैङ्गिक समानताको लागि पुऱ्याउन सक्ने योगदानको प्राथमिकताको आधारमा विकास कार्यक्रमको प्रतिफलमा महिलाको लागि समान प्रतिफलको सुनिश्चितता उल्लेख गरिएकोले ३ नम्बरको सूचकलाई बढी अङ्कभार र सूचक ५ मा उल्लेखित अवस्था तत्काल आँकलन गर्न नसकिने, केवल अनुमानमात्र गर्न सकिने भएको हुँदा सवै भन्दा कम अङ्कभार दिइएकोछ । अङ्कभार दिंदा सकेसम्म सवै सरोकारवालाहरूलाई संलग्न गराउनु जरुरी हुन्छ ।

मन्त्रालयको हकमा सवै विकास कार्यक्रममा लैङ्गिक उत्तरदायी बजेट विधि अनिवार्य रूपमा प्रयोग गर्नु पर्दछ । जिविसको हकमा रु ५ लाख वा सो भन्दा माथि लगानी हुने सबै विकास कार्यक्रमहरू, महानगरपालिकाको हकमा रु १० लाख वा सो भन्दा माथि लगानी हुने सबै विकास कार्यक्रमहरू, उपमहानगरपालिको हकमा रु ७ लाख वा सो भन्दा माथि लगानी हुने सबै विकास कार्यक्रमहरू, नगरपालिकाको हकमा रु ५ लाख वा सो भन्दा माथि लगानी हुनेसबै विकास कार्यक्रमहरू र गाविसको हकमा रु २ लाख वा सो भन्दा माथि लगानी हुनेसबै विकास कार्यक्रमहरूमा प्रयोग गर्नुपर्दछ ।

*अनुसूची- २*

**मन्त्रालयको लागि लैङ्गिक उत्तरदायी बजेट मापनका प्रमुख सूचक र उपसूचकहरू**

| क्र.सं. | प्रमुख सूचक र उपसूचकहरू तथा परीक्षण सूची | अङ्क भार |
|---|---|---|
| १.० | नीति, योजना तर्जुमा तथा कार्यान्वयनमा महिला सहभागिता | २० |
| १.१ | नीति, योजना कार्यक्रम तथा बजेट तर्जुमामा महिला सहभागिता<br>✦ मन्त्रालयका योजना, कार्यक्रम तथा बजेट तर्जुमा बैठकहरूमा निम्न बमोजिम भएमा<br>■ उत्तम -मन्त्रालय स्तरमा सहसचिव वा सोभन्दा माथिल्लो तहका महिला कर्मचारी साथै लैङ्गिक सम्पर्क व्यक्ति र लैङ्गिक विज्ञको संलग्नता भएमा तथा अन्य सरोकारवाला समूहका महिला प्रतिनिधि सहभागी भएमा<br>■ मध्यम -मन्त्रालय स्तरमा उपसचिव वा सोभन्दा माथिल्लो तहका महिला कर्मचारी वा लैङ्गिक सम्पर्क व्यक्ति र लैङ्गिक विज्ञको संलग्नता तथा अन्य सरोकारवाला समूहका महिला प्रतिनिधि सहभागी भएमा<br>■ सामान्य - निर्णायक तहका वाहेक महिला कर्मचारीको संलग्नता रहने भएमा, लैङ्गिक विज्ञ तथा अन्य सरोकारवाला समूहका महिला प्रतिनिधि सहभागी भएमा | <br><br><br><br>४<br><br>३<br><br>२ |

| क्र.सं. | प्रमुख सूचक र उपसूचकहरू तथा परीक्षण सूची | अङ्क भार |
|---|---|---|
| १.२ | कार्यान्वयनमा महिला सहभागिताको सुनिश्चितता | १२ |
| १.२.१ | कार्यक्रम कार्यान्वयनमा महिला सहभागिताको व्यवस्था (परियोजना)<br>✦ कार्यक्रम कार्यान्वयनमा कर्मचारी वा व्यवस्थापन/समन्वय समितिमा निम्नानुसार महिलाको संलग्नता हुने व्यवस्था भएमा<br>■ उत्तम (निर्णायक पदमा ५० % वा बढी)<br>■ मध्यम (निर्णायक पदमा ३३ देखि ४९ %सम्म)<br>■ सामान्य ( निर्णायक पदमा ५ देखि ३२ %सम्म) | <br><br><br>५<br>४<br>३ |
| १.२.२ | कार्यान्वयनको (सरोकारवाला लगायत) निर्णायक तह लगायतमा महिलाको व्यवस्था<br>✦ विषयगत कार्यान्वयनका (सरोकारवाला) निर्णायक तह र पदका पदाधिकारीहरू लगायतमा महिला सहभागिताको व्यवस्था<br>■ उत्तम (निर्णायक तह र समितिमा ५० % वा बढी )<br>■ मध्यम (निर्णायक तहमा ५० % भन्दा कम र ३३ % भन्दा बढी)<br>■ सामान्य (निर्णायक तह र समितिमा १० %देखि ३२ % सम्म) | <br><br><br>४<br>३<br>२ |
| १.२.३ | महिलाको अनिवार्य उपस्थिति<br>✦ योजना व्यवस्थापन तथा कार्यन्वयन समितिको बैठकमा महिला पदाधिकारीहरूको अनिवार्य उपस्थिति हुनुपर्ने व्यवस्था गरिएको भएमा | ३ |
| १.३. | अनुगमनमा महिला सहभागिताको व्यवस्था<br>✦ अनुगमन योजनामा महिला वा लैङ्गिक सम्पर्क व्यक्ति र लैङ्गिक विज्ञ वा सरोकारका महिला प्रतिनिधिहरूको सहभागिताको सुनिश्चितता | ४ |
| २.० | महिलाहरूको क्षमता अभिवृद्धि | २० |
| २.१ | नीति निर्णय तथा कार्यान्वयन तहका महिलाहरूको क्षमता अभिवृद्धिको व्यवस्था<br>✦ महिला पदाधिकारीहरूको क्षमता अभिवृद्धिको लागि निम्न कार्यक्रमको व्यवस्था भएमा<br>■ कम्तीमा एकपटक निर्णय दक्षता अभिवृद्धि हुने कार्यक्रमको व्यवस्था भएमा<br>■ पुनर्ताजकी कार्यक्रमको व्यवस्था भएमा<br>■ विशेष वर्गका महिलाहरूलाई लक्षित कार्यक्रम गरिएमा | ६<br><br>(२)<br>(२)<br>(२) |
| २.२ | क्षमता अभिवृद्धि कार्यक्रममा महिलाको सहभागिताको व्यवस्था<br>✦ गोष्ठी, तालिम, सचेतना, सीप विकास आदि कार्यक्रममा निम्नानुसार महिला सहभागी हुने व्यवस्था भएमा<br>■ उत्तम (५० % वा बढी)<br>■ मध्यम (३३ देखि ४९%सम्म)<br>■ सामान्य (५ देखि ३२ %सम्म) | <br><br><br>७<br>५<br>३ |

| क्र.सं. | प्रमुख सूचक र उपसूचकहरू तथा परीक्षण सूची | अङ्क भार |
|---|---|---|
| २.३ | लैङ्गिक सम्वेदनशील विषयवस्तु /परिवेश<br>✦ गोष्ठी, तालिम, सचेतना, सीप विकास कार्यक्रम आदिको विषयवस्तु लैङ्गिक सम्वेदनशील भएमा<br>■ लैङ्गिक सरोकारहरूलाई समेटिएको भएमा<br>■ परिवेश जन्य/विशेष लैङ्गिक सम्वेदनशील प्रस्तुतिकरणको प्रावधान | ७<br><br>(४)<br>(३) |
| ३.० | कार्यक्रममा महिलाहरूको लागि लाभ तथा नियन्त्रणमा सुनिश्चितता (अन्य लक्षित वर्गका कार्यक्रममा समेत) | ३० |
| ३.१ | महिलाहरूलाई लाभको (लाभान्वित महिलाको) सुनिश्चितता<br>✦ योजना तथा कार्यक्रमबाट तत्काल लाभ पाउने महिलाको अनुपात निम्नानुसार भएमा<br>■ उत्तम (५० % वा बढी)<br>■ मध्यम (३० देखि ४९ %सम्म)<br>■ सामान्य (५ देखि २९ %सम्म) | <br><br>८<br>६<br>४ |
| ३.२ | महिलाहरूलाई लाभको सुनिश्चितताका लागि लैङ्गिक अन्तर (gaps) महिलाका विशेष आवश्यकता र अवरोधहरूको पहिचान तथा सम्बोधन<br>✦ क्षेत्रगत निकायको कार्य सम्पादनमा रहेका लैङ्गिक अन्तर (gaps) महिलाका विशेष रणनीतिक आवश्यकता र अवरोधहरूको (जस्तैः निर्णयमा कम पहुँच र नियन्त्रण, कम शैक्षिकस्तर र अनुभव साथै हिंडडुलमा वन्देज ) पहिचान गर्ने र सो समाधान गर्ने कार्यक्रम भएमा<br>■ उत्तम (माथि पहिचान गरिएका तीनवटै अवरोध सम्बोधन हुने भएमा)<br>■ मध्यम (माथि पहिचान गरिएका कुनै दूईवटा अवरोध सम्बोधन हुने भएमा)<br>■ सामान्य (माथि पहिचान गरिएका कुनै एक अवरोध सम्बोधन हुने भएमा) | <br><br><br>६<br>४<br>२ |
| ३.३ | महिलाहरूलाई लाभको सुनिश्चितताका लागि लैङ्गिकमैत्री कार्यान्वयन संयन्त्र तथा वातावरण<br>✦ नीतिगत, संरचनागत तथा कार्य वातावरणलाई लैङ्गिकमैत्री बनाउन निम्न ब्यवस्था भएमा<br>■ ऐन, नियम, विनियम, कार्यविधि, निर्देशिका आदिलाई लैङ्गिकमैत्री बनाउन (समानता प्रबर्द्धन गर्न र विभेदकारी प्रावधान हटाउन) तथा कार्यस्थललाई महिला हिंसामुक्त बनाउन (आचार संहिता, उजुरी सुनवाई व्यवस्था) पहल गर्ने व्यवस्था उल्लेख भएको<br>■ महिलाका विशेष आवश्यकतालाई सम्बोधन गर्ने भौतिक सुविधाको ब्यवस्था भएको भए (भिन्न शौचालय, बच्चालाई स्तनपान गराउने स्थान, महिलामैत्री कार्यालय ले–आउट आदि)<br>■ कर्मचारीहरूलाई लैङ्गिक उत्तरदायी सेवा प्रवाहसम्बधी क्रियाकलाप (लैङ्गिक समानता प्रवर्द्धन गर्ने कार्यक्रमहरूबारे जानकारीमूलक सूचना प्रवाहको व्यवस्था, नागरिकबडापत्र, भ्रमण, अभिमूखिकरण तालिम आदि व्यवस्था) को ब्यवस्था भएमा | ७<br><br>(३)<br>(२)<br>(२) |
| ३.४ | महिलाहरूलाई लाभको सुनिश्चितताका लागि बजेटको सुनिश्चितता<br>■ लैङ्गिक समानता तथा समता प्रबर्द्धनका लागि पहिचान भएका कार्यक्रमका लागि पर्याप्त रकम विनियोजन गरिएको<br>■ लैङ्गिक समानता तथा समता प्रबर्धक कार्यक्रमका लागि विनियोजन गरिएको रकम सोही काममा खर्च हुने सुनिश्चितता भएमा | २<br>(१)<br>(१) |

| क्र.सं. | **प्रमुख सूचक र उपसूचकहरू तथा परीक्षण सूची** | **अङ्क भार** |
| --- | --- | --- |
| ३.५ | लैङ्गिक खण्डिकृत लाभको सुनिश्चितताका लागि लैङ्गिक अनुगमन, परीक्षण तथा प्रभाव मूल्यांकनको व्यवस्था<br>✦ आयोजना/ कार्यक्रमको सबै तहमा निम्नानुसार लैङ्गिक खण्डिकृत सूचना र तथ्याङ्कको अभिलेखन राख्ने तथा प्रभाव मूल्यांकनको लागि निम्न बमोजिमको व्यवस्था भएमा<br>■ प्रतिफलमा महिला/पुरुषको भिन्नाभिन्नै विवरण आउने गरी आयोजना/ कार्यक्रमको अभिलेख राखेमा<br>■ मन्त्रालय, विभाग र मातहत निकायको कार्यसम्पादनको वार्षिक प्रगति प्रतिवेदन तथा समीक्षामा लैङ्गिक समानता सम्बन्धमा भएका प्रगतिहरू निम्नानुसार समावेश भएमा<br>(क) १ देखि ३.२ वुदा का सूचक तथा उपसूचकहरूमा उल्लेखित सवालहरू सम्बोधन भएको नभएको समीक्षा गरिएमा<br>(ख) लैङ्गिक समानता सुनिश्चित गर्न विनियोजित बजेट सोही काममा खर्च भए नभएको लेखाजोखा गरिएमा<br>■ समीक्षाबाट आएका सिकाईहरूका आधारमा आगामी वर्षको योजना/बजेट तर्जुमा गरिएमा<br>■ सञ्चालित कार्यक्रमको लैङ्गिक परीक्षण (audit), प्रभाव (impact) मूल्यांकन गर्ने व्यवस्था भएमा | ७<br><br><br>(२)<br><br>(१)<br>(१)<br>(१)<br>(२) |
| ४.० | महिलाहरूको रोजगारी र आय आर्जन अभिवृद्धि | २० |
| ४.१ | महिलाहरूको लागि रोजगारीको अवसरको उपलब्धता<br>✦ सञ्चालित कार्यक्रमबाट तत्काल सिर्जित रोजगारीमा सहभागिताको सुनिश्चितता (जस्तै स्वयं, उपभोक्ता समिति वा ठेक्कापट्टाबाट गरिने विकास निर्माण लगायतका कार्यमा सिर्जित अवसरमा महिलाहरूको लागि मात्र आरक्षण, प्राथमिकता आदि) निम्नानुसार भएमा<br>■ उत्तम (५० % बढी)<br>■ मध्यम (३३ देखि ४९ %सम्म)<br>■ सामान्य (५ देखि ३२ %सम्म) | <br><br>८<br>६<br>४ |
| ४.२ | आय आर्जनका वैकल्पिक अवसर वा वृत्ति विकासका अवसर सिर्जना हुने भएमा<br>✦ सञ्चालित कार्यक्रमबाट तत्काल श्रृजित रोजगारी बाहेक आय आर्जनका वा वृत्ति विकासका अन्य बैकल्पिक अवसरहरू सृजना हुन सक्ने अवस्था भएमा (जस्तै विभिन्न प्राविधिक तथा सीप विकास सम्बधी कार्यक्रमबाट सिर्जना हुने वृत्ति विकास र बजार विकासका लयायतका कारण सृजित वैकल्पिक अवसर आदि) | ७ |
| ४.३ | समान ज्याला दर<br>✦ उपलब्ध रोजगारीमा महिला र पुरुषका लागि समान ज्यालाको सुनिश्चितता भएमा (जस्तै उपसूचक ४.१ अनुसार सृजित रोजगारीमा दिइने पारिश्रमिक आदि) | ५ |
| ५.० | महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी | १० |

| क्र.सं. | प्रमुख सूचक र उपसूचकहरू तथा परीक्षण सूची | अङ्क भार |
|---|---|---|
| ५.१ | कार्य सम्पादनमा सहजता र समयको बचत<br>✦ तुरुन्त लाभ हुने तथा महिलाको समय बचत हुने नयाँ प्रविधि, तौर तरिकाको प्रयोगको व्यवस्था भएमा ( जस्तै स्थानीय निकायहरूबाट सम्पादन हुने खानेपानी, सिचाई, निर्माण आदि, दिशापिसाव मुक्त क्षेत्र, सुधारिएको चुलो वा घट्ट निर्माण आदि लगायत अन्य विकास निर्माणका कार्य गर्दा त्यसको लैङ्गिक प्रभाव मूल्यांकन आदि ।) | ४ |
| ५.२ | परम्परागत भूमिका परिवर्तनका लागि दीर्घकालीन परिणाममुखी प्रयास भएमा<br>✦ परम्परागत भूमिका परिवर्तनका लागि निम्नबमोजिमको प्रयास भएमा<br>■ विभिन्न क्षेत्रमा परम्परागतरूपमा गरिने श्रम विभाजनभन्दा भिन्न प्रकृतिको कार्यमा (मूल्य तथा स्तर अभिवृद्धिसहित) महिलाहरूको भूमिकामा रूपान्तरण हुने व्यवस्था भएमा (जस्तै समूहका निर्णयमा महिला ल्याउने व्यवस्था, नयाँ वृत्ति विकास योजना- सामाजिक परिचालक)<br>■ महिलाहरूको अवैतनिक कामको महत्व, घरायसी काममा महिलाको विशेष बोझबारे प्रशिक्षण तथा प्रचार सामग्रीमा छलफल भएमा<br>■ यस्ता घरायसी काममा पुरुषको सहभागिता अभिवृद्धि गरी सहकार्यको भावनालाई प्रोत्साहन गर्ने सकारात्मक व्यवस्था भएमा | ६<br>(२)<br>(२)<br>(२) |

*अनुसूची- ३*

**स्थानीय निकायको लागि लैङ्गिक उत्तरदायी बजेट मापनका प्रमुख सूचक र उपसूचकहरू**

| क्र. सं. | प्रमुख सूचक र उपसूचकहरू तथा परीक्षण सूची | अङ्क भार |
|---|---|---|
| १.० | नीति, योजना तर्जुमा तथा कार्यान्वयनमा महिला सहभागिता | २० |
| १.१ | नीति, योजना कार्यक्रम तथा बजेट तर्जुमामा महिला सहभागिता<br>✦ स्थानीय निकायको अगुवाईमा हुने योजना, कार्यक्रम तथा बजेट तर्जुमा बैठकहरूमा निम्न बमोजिम भएमा<br>■ उत्तम -स्थानीयस्तरमा ५० % वा सोभन्दा बढीको संख्यामा सेवा प्रदान गर्न आवद्ध महिला कर्मचारी वाउपभोक्ता समितिका महिला सदस्य आदि तथा अन्य सरोकारवाला समूहका महिला प्रतिनिधि सहभागी भएमा<br>■ मध्यम - स्थानीयस्तरमा ३३ देखि ४९ %सम्म सेवा प्रदान गर्न आवद्ध महिला कर्मचारी वा उपभोक्ता समितिका महिला सदस्य आदि तथा अन्य सरोकारवाला समूहका महिला प्रतिनिधि सहभागी भएमा<br>■ सामान्य - स्थानीय निकायस्तरमा ५ %देखि ३२ %सम्म सेवा प्रदान गर्न आवद्ध महिला कर्मचारी वाउपभोक्ता समितिका महिला सदस्य आदि तथा अन्य सरोकारवाला समूहका महिला प्रतिनिधि सहभागी भएमा | <br>४<br>३<br>२ |

| क्र. सं. | प्रमुख सूचक र उपसूचकहरू तथा परीक्षण सूची | अङ्क भार |
|---|---|---|
| १.२ | कार्यान्वयनमा महिला सहभागिताको सुनिश्चितता | १२ |
| १.२.१ | कार्यक्रम कार्यान्वयनमा महिला सहभागिताको व्यवस्था (परियोजना/कार्यक्रम)<br>✦ कार्यक्रम कार्यान्वयनमा कर्मचारी वा व्यवस्थापन/समन्वय समितिमा निम्नानुसार महिलाको संलग्नता हुने व्यवस्था भएमा<br>■ उत्तम (निर्णायक पदमा ५० % वा बढी)<br>■ मध्यम (निर्णायक पदमा ३३ देखि ४९ %सम्म)<br>■ सामान्य (निर्णायक पदमा ५ देखि ३२ %सम्म) | <br><br><br>५<br>४<br>३ |
| १.२.२ | कार्यान्वयनको निर्णायक तह ( स्थानीय निकायमा महिलाको व्यवस्था)<br>✦ विषयगत कार्यान्वयनका (सरोकार/उपभोक्ता समिति जस्तै गाविस, वडा समिति, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र लगायत) निर्णायक तह र पदाधिकारीहरूमा महिला सहभागिताको व्यवस्था<br>■ उत्तम (निर्णायक तह र पदाधिकारीहरूमा ५० % वा बढी )<br>■ मध्यम (निर्णायक तहमार पदाधिकारीहरूमा ३३ % देखि ४९ %)<br>■ सामान्य (निर्णायक तह र पदाधिकारीहरूमा १० %देखि ३२ % सम्म) | <br><br><br>४<br>३<br>२ |
| १.२.३ | महिलाको अनिवार्य उपस्थिति<br>✦ योजना व्यवस्थापन तथा कार्यन्वयन समितिका बैठकमा महिला पदाधिकारीहरूको अनिवार्य उपस्थिति हुनुपर्ने व्यवस्था गरिएको भएमा | <br>३ |
| १.३. | अनुगमनमा महिला सहभागिताको व्यवस्था<br>✦ अनुगमन योजनामा महिला वा लैङ्गिक सम्पर्क व्यक्ति वा सरोकारका महिला प्रतिनिधिहरूको सहभागिताको सुनिश्चितता | <br>४ |
| २.० | महिलाहरूको क्षमता अभिवृद्धि | २० |
| २.१ | नीति निर्णय तथा कार्यान्वयन तहका महिलाहरूको क्षमता अभिवृद्धिको व्यवस्था<br>✦ समूह तथा समितिहरूमा महिला पदाधिकारीहरूको क्षमता अभिवृद्धिको लागि निम्न कार्यक्रमको व्यवस्था भएमा<br>■ एक आर्थिक वर्षमा कम्तीमा एकपटक निर्णय दक्षता अभिवृद्धि हुने कार्यक्रमको व्यवस्था<br>■ एक आर्थिक वर्षमा पुनर्ताजकी कार्यक्रमको व्यवस्था भएमा<br>■ कार्यक्रममा विशेष वर्गका महिलाहरूलाई लक्षित गरिएमा | ६<br><br>(२)<br>(२)<br>(२) |
| २.२ | क्षमता अभिवृद्धि कार्यक्रममा महिलाको सहभागिताको व्यवस्था<br>✦ गोष्ठी, तालिम, सचेतना, सीप विकास, आदि कार्यक्रममा निम्नानुसार महिला सहभागी हुने व्यवस्था भएमा<br>■ उत्तम (५० % वा बढी)<br>■ मध्यम (३३ देखि ४९ %सम्म)<br>■ सामान्य (५ देखि ३२ %सम्म) | <br><br>७<br>५<br>३ |

| क्र. सं. | प्रमुख सूचक र उपसूचकहरू तथा परीक्षण सूची | अङ्क भार |
|---|---|---|
| २.३ | लैङ्गिक सम्वेदनशील विषयवस्तु /परिवेश<br>✦ गोष्ठी, तालिम, सचेतना, सीप विकास कार्यक्रम आदिको विषयवस्तु लैङ्गिक सम्वेदनशील भएमा<br>■ लैङ्गिक सरोकारहरूलाई समेटिएको भएमा<br>■ परिवेश जन्य/विशेष लैङ्गिक सम्वेदनशील प्रस्तुतिकरणको प्रावधान | ७<br><br>(४)<br>(३) |
| ३.० | कार्यक्रममा महिलाहरूको लागि लाभ तथा नियन्त्रणमा सुनिश्चितता (अन्य लक्षित वर्गका कार्यक्रममा समेत) | ३० |
| ३.१ | महिलाहरूलाई लाभको (लाभान्वित महिलाको) सुनिश्चितता<br>✦ योजना तथा कार्यक्रमबाट तत्काल लाभ पाउने महिलाको अनुपात निम्नानुसार भएमा<br>■ उत्तम (५० % वा बढी)<br>■ मध्यम (३० देखि ४९ %सम्म)<br>■ सामान्य (५ देखि २९ %सम्म) | <br><br>८<br>६<br>४ |
| ३.२ | महिलाहरूलाई लाभको सुनिश्चितताका लागि लैङ्गिक अन्तर (gaps), महिलाका विशेष आवश्यकता र अवरोधहरूको पहिचान तथा सम्बोधन<br>✦ क्षेत्रगत निकायको कार्य सम्पादनमा रहेका लैङ्गिक अन्तर (gaps) महिलाका विशेष रणनीतिक आवश्यकता र अवरोधहरूको उदारणका लागि जस्तैः (क)**आर्थिक स्रोतमा** कम पहुँच–स्थानीय निकायबाट लिनुपर्ने विभिन्न प्रमाण वा सिफारिसको लागि आवश्यक पर्ने शुल्क तिर्न नसक्ने अवस्था; (ख) **कम शैक्षिकस्तर**–स्थानीय तहका विभिन्न निकायहरूबाट प्रवाह हुने सेवा, महिलाहरूले पाउनुपर्ने समान लाभको पक्षहरूको बुझाइको अवस्था (ग) हिंडडुलमा वन्देज– स्थानीय तहमा सहभागिता र उपलव्ध लाभको लागि आवतजावतमा अवरोध, पहिचान गर्ने र सोको समाधान गर्ने कार्यक्रम भएमा<br>■ उत्तम (माथि पहिचान गरिएका तीनवटै अवरोध सम्बोधन हुने भएमा)<br>■ मध्यम (माथि पहिचान गरिएका कुनै दूईवटा अवरोध सम्बोधन हुने भएमा)<br>■ सामान्य (माथि पहिचान गरिएका कुनै एक अवरोध सम्बोधन हुने भएमा) | <br><br><br>६<br>४<br>२ |
| ३.३ | महिलाहरूलाई लाभको सुनिश्चितताका लागि लैङ्गिकमैत्री कार्यान्वयन संयन्त्र तथा वातावरण<br>✦ नीतिगत, संरचनागत तथा कार्यवातावरणलाई लैङ्गिकमैत्री बनाउन निम्न ब्यवस्था भएमा<br>■ ऐन, नियम, विनियम, कार्यविधि, निर्देशिका आदिलाई लैङ्गिकमैत्री बनाउन (समानता प्रबर्द्धन गर्न र विभेदकारी प्रावधान हटाउन) तथा कार्यस्थललाई महिला हिंसामुक्त बनाउन (आचार संहिता, उजुरी सुनवाई व्यवस्था) ब्यवस्था उल्लेख भएमा<br>■ महिलाका विशेष आवश्यकतालाई सम्बोधन गर्ने भौतिक सुविधाको ब्यवस्था भएमा (भिन्न शौचालय, बच्चालाई स्तनपान गराउने स्थान, महिलामैत्री कार्यालय ले–आउट आदि)<br>■ कर्मचारी/प्रतिनिधिहरूलाई लैङ्गिक उत्तरदायी सेवा प्रवाहसम्बन्धी क्रियाकलाप (लैङ्गिक समानता प्रवर्द्धन गर्ने कार्यक्रमहरूबारे जानकारीमूलक सूचना प्रवाहको व्यवस्था, नागरिकबडापत्र, भ्रमण, अभिमूखिकरण तालिम आदि व्यवस्था) को ब्यवस्था भएमा | ७<br><br>(३)<br>(२)<br>(२) |

| क्र. सं. | प्रमुख सूचक र उपसूचकहरू तथा परीक्षण सूची | अङ्क भार |
|---|---|---|
| ३.४ | महिलाहरूलाई लाभको सुनिश्चितताका लागि बजेटको सुनिश्चितता<br>■ लैङ्गिक समानता तथा समता प्रबर्द्धनका लागि पहिचान भएका कार्यक्रमका लागि पर्याप्त रकम विनियोजन गरिएको<br>■ लैङ्गिक समानता तथा समता प्रबर्धक कार्यक्रमका लागि विनियोजन गरिएको रकम सोही काममा खर्च हुने सुनिश्चितता भएमा | २<br>(१)<br>(१) |
| ३.५ | लैङ्गिक खण्डिकृत लाभको सुनिश्चितताका लागि लैङ्गिक अनुगमन, परीक्षण तथा प्रभाव मूल्याङ्कनको व्यवस्था<br>✦ आयोजना/ कार्यक्रमको सबै तहमा निम्नानुसार लैङ्गिक खण्डिकृत सूचना र तथ्याङ्कको अभिलेखन राख्ने तथा प्रभाव मूल्यांकनको लागि निम्न बमोजिमको व्यवस्था भएमा<br>■ प्रतिफलमा महिला/पुरुषको भिन्नाभिन्नै विवरण आउने गरी आयोजना/ कार्यक्रमको अभिलेख राखेमा<br>■ मन्त्रालय, विभाग र मातहत निकायको कार्यसम्पादनको वार्षिक प्रगति प्रतिवेदन तथा समीक्षामा लैङ्गिक समानता सम्बन्धमा भएका प्रगतिहरू निम्नानुसार समावेश भएमा<br>(क) १ देखि ३.२ बुँदा का सूचक तथा उपसूचकहरूमा उल्लेखित सवालहरू सम्बोधन भएको नभएको समीक्षा गरिएमा<br>(ख) लैङ्गिक समानता सुनिश्चित गर्न विनियोजित बजेट सोही काममा खर्च भए नभएको लेखाजोखा गरिएमा<br>■ समीक्षाबाट आएका सिकाइहरूका आधारमा आगामी वर्षको योजना/बजेट तर्जुमा गरिएमा<br>■ सञ्चालित कार्यक्रमको लैङ्गिक परीक्षण (बगमष्त), प्रभाव (impact) मूल्यांकन गर्ने व्यवस्था भएमा | ७<br>(२)<br>(१)<br>(१)<br>(१)<br>(२) |
| ४.० | महिलाहरूको रोजगारी र आय आर्जन अभिवृद्धि | २० |
| ४.१ | महिलाहरूको लागि रोजगारीको अवसरको उपलव्धता<br>✦ सञ्चालित कार्यक्रमबाट तत्काल सिर्जित रोजगारीमा सहभागिताको सुनिश्चितता (जस्तै स्वयं, उपभोक्ता समिति वा ठेक्कापट्टाबाट गरिने विकास निर्माण लगायतका कार्यमा सिर्जित अवसरमा महिलाहरूको लागि मात्र आरक्षण, प्राथमिकता आदि) निम्नानुसार भएमा<br>■ उत्तम (५० % बढी)<br>■ मध्यम (३३ देखि ४९ %सम्म)<br>■ सामान्य (५ देखि ३२ %सम्म) | <br>८<br>६<br>४ |
| ४.२ | आय आर्जनका वैकल्पिक अवसर वा वृत्ति विकासका अवसर सिर्जना हुने भएमा<br>✦ सञ्चालित कार्यक्रमबाट तत्काल सिर्जित रोजगारी बाहेक आय आर्जनका वा वृत्ति विकासका अन्य बैकल्पिक अवसरहरू सिर्जना हुनसक्ने अवस्था भएमा (जस्तैः विभिन्न प्राविधिक तथा सीप विकास सम्बधी कार्यक्रमबाट सिर्जना हुने वृत्ति विकास र बजार विकासका लयायतका कारण सिर्जित वैकल्पिक अवसर आदि) | ७ |

| क्र.सं. | प्रमुख सूचक र उपसूचकहरू तथा परीक्षण सूची | अङ्क भार |
|---|---|---|
| ४.३ | समान ज्याला दर<br>✦ उपलब्ध रोजगारीमा महिला र पुरुषका लागि समान ज्यालाको सुनिश्चितता भएमा (जस्तै उपसूचक ४.१ अनुसार सिर्जित रोजगारीमा दिइने पारिश्रमिक आदि) | ५ |
| ५.० | महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी | १० |
| ५.१ | कार्य सम्पादनमा सहजता र समयको बचत<br>✦ तुरुन्त लाभ हुने तथा महिलाको समय बचत हुने नयाँ प्रविधि, तौर तरिकाको प्रयोगको व्यवस्था भएमा ( जस्तै स्थानीय निकायहरूबाट सम्पादन हुने खानेपानी, सिचाई, निर्माण आदि, खुल्ला दिशा मुक्त क्षेत्र, सुधारिएको चुलो वा घट्ट निर्माण आदि लगायत अन्य विकास निर्माणका कार्य गर्दा त्यसको लैङ्गिक लेखाजोखा गर्ने गरेको, आदि ) | ४ |
| ५.२ | परम्परागत भूमिका परिवर्तनका लागि दीर्घकालीन परिणाममुखी प्रयास भएमा<br>✦ परम्परागत भूमिका परिवर्तनका लागि निम्न बमोजिमको प्रयास भएमा<br>■ विभिन्न क्षेत्रमा परम्परागतरूपमा गरिने श्रम विभाजनभन्दा भिन्न प्रकृतिको कार्यमा (मूल्य तथा स्तरअभिवृद्धि सहित) महिलाहरूको भूमिकामा रूपान्तरण हुने व्यवस्था भएमा (जस्तैः समूहका निर्णयमा महिला ल्याउने व्यवस्था, नयाँ वृत्ति विकास योजना- सामाजिक परिचालक)<br>■ महिलाहरूको अवैतनिक कामको महत्व, घरायसी काममा महिलाको विशेष बोझबारे प्रशिक्षण तथा प्रचार सामग्रीमा छलफल भएमा<br>■ यस्ता घरायसी काममा पुरुषको सहभागिता अभिवृद्धि गरी सहकार्यको भावनालाई प्रोत्साहन गर्ने सकारात्मक व्यवस्था भएमा | ६<br>(२)<br>(२)<br>(२) |

**तालिका नं.३ः प्राप्ताङ्कको सारांश**

| क्र.सं. | सूकाङ्कहरू | अङ्क भार | प्राप्त अङ्क भार |
|---|---|---|---|
| १ | नीति, योजना तर्जुमा तथा कार्यान्वयनमा महिला सहभागिता | २० | |
| २ | महिलाहरूको क्षमता अभिवृद्धि | २० | |
| ३ | कार्यक्रममा महिलालाई लाभ तथा नियन्त्रणमा सुनिश्चितता | ३० | |
| ४ | महिलाहरूको रोजगारी, स्वःरोजगार आयआर्जनमा अभिवृद्धि | २० | |
| ५ | महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी | १० | |
| | जम्मा | १०० | |
| | लैङ्गिक उत्तरदायीको तह (प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ अथवा बजेट कोड १,२ वा ३) | | |

**तालिका नं ४: लैङ्गिक उत्तरदायी कार्यक्रम र बजेटको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम | प्राप्त अक्त | लैङ्गिक उत्तरदायी विश्लेषणको नतिजा | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रत्यक्ष बजेट | अप्रत्यक्ष बजेट | तटस्थ बजेट | जम्मा बजेट |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| | जम्मा | | | | | |
| | % | | | | | |

**प्राथमिकीकरण गर्ने तरिकाः**

यो विधिको प्रयोग सहभागितामूलक वार्षिक योजना (१४ चरणको योजना) तर्जुमा गर्दा गा.वि.स.मा वडा तह देखि र नगरपालिकामा टोल तहदेखि गर्नु जरुरी हुन्छ। सो प्रयोग गर्दा कार्यक्रमको अंङ्क भार माथि उल्लेखित विधि अनुसार गर्ने र अङ्क भार दिँदा हालसम्मको अनुभवको आधारमा अङ्क दिनुपर्दछ। यदि अङ्कभार ३५ वा सो भन्दा कम आएमा कम प्राथमिकता दिने र सो तहबाट नै हटाई दिने। यसरी नै योजना तर्जुमाको १४ वटै चरणहरूमा प्रयोग गरी प्राथमिकरण गर्दै जानुपर्दछ। स्रोतको विनियोजन गर्दा स्रोतको अभाव देखिन आएमा सवभन्दा बढी अङ्क भार भएका कार्यक्रमहरूलाई बढी प्राथमिकता दिने र कम अङ्क भार भएका कार्यक्रमहरूलाई हटाउँदै जानुपर्दछ। यो प्रक्रिया जि.वि.स., न.पा. र गा.वि.स रउक्त निकायहरूको अगुवाईमा आयोजना हुने सहभागितामूलक वार्षिक योजना तर्जुमा प्रकृयामासहभागी हुने सबै निकायका सम्पूर्ण कार्यक्रम र योजना/आयोजनाहरूमा लागू गर्नुपर्नेछ।

मुद्रण सहयोग : स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान